का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक २५१
- १५ कात्तिक २०७८, सोमबार
- 1 November 2021, Monday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढ्नका लागि QR कोड स्क्यान गर्नुहोला ।




प्रधानन्यायाधीशको राजीनामा माग्दै नेपाल बार एशोसिएशन गरेको विरोध कार्यक्रममा अधिवक्ताहरु । तस्वीर: इकान्तिपुर

■ प्रधानन्यायाधीशको प्रस्ताव–

# ‘सम्मानजनक बहिर्गमन’

प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराले ‘सम्मानजनक बहिर्गमन’ को प्रस्ताव गरेका छन् । प्रधानन्यायाधीश जबराको राजीनामा माग गर्दै इजलासमा नबसेका न्यायाधीशहरुसँग केही महिनापछि राजीनामा गर्ने ‘सम्मानजनक बहिर्गमन’को प्रस्ताव गरिएको हो । तर न्यायाधीशहरुले भने प्रष्ट जवाफ दिएका छैनन् ।

विस्तृत समाचार पृष्ठ २ मा..

# दवावमा देउवा

प्रतिनिधिसभा जारी अधिवेशन अन्त्य गरेर विदेश भ्रमणमा निस्किएका प्रधानमन्त्री शेरबहादुर देउवासँग पार्टीभित्रै असन्तुष्टि बढेको छ । सर्वोच्च अदालतको समस्याबारे कुनै छलफल र पहलकदमी नगरी विदेश भ्रमणमा निस्किएपछि प्रधानमन्त्री देउवाप्रति असन्तुष्टि देखिएको हो ।



प्रधानमन्त्री शेरबहादुर देउवा आइतबार लण्डनस्थित नेपाली दूतावासमा आयोजित भूतपूर्व गोर्खा सैनिक संगठनका पदाधिकारीसँग । तीस्वीर: भीष्मराज ओझा, रासस

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १४ कात्तिक ।

प्रधानप्रधानमन्त्री शेरबहादुर देउवा न्यायालयको विवादप्रति मौन बसेर विदेश भूमणमा निस्कनु गलत भएको पूर्व राष्ट्रपति डा. रामवरण यादवले बताएका छन् । आइतबार राजधानीमा आयोजित एक कार्यक्रममा पूर्व राष्ट्रपति यादवले प्रधानमन्त्री देउवा यस्तो बेला विदेश भ्रमणमा निस्कनु गैरजिम्मेवारी भएको बताए ।

न्याय क्षेत्रका प्रतिष्ठित व्यक्ति, कानूनविद् लगायतसँग छलफल गरेर समस्या समाधान गर्नुपर्नेमा प्रधानमन्त्री देउवा मौन रहँदै विदेश भ्रमणमा निस्कनु गलत भएको पूर्व राष्ट्रपति यादवको भनाइ छ । “हाम्रो सम्माननीय प्रधानमन्त्री बेलायत जानुभएको छ । तर आज बेलायतको सामुन्ने संसारको सामुन्ने न्यायालयको यो अवस्था छ । के कसरी हामीले हामी संसारको सामुन्ने टाउको देखाउन सक्छौं ?”, पूर्व राष्ट्रपति यादवले भने ।

काँग्रेसकै बरिष्ठ नेता रामचन्द्र पौडेलले पनि न्यायालयको समस्याबारे मौन बस्न नमिल्ने बताउँदै आएका छन् । दलहरुले न्यायालयमा देखिएको समस्या समाधानको पहल लिनुपर्ने पौडेलले बताउँदै आएका छन् । आइतबार जनकपुर पुगेका पौडेलले अदालतको समस्या अहिलेकै स्थितिमा राख्न नमिल्ने बताए । पौडेलले अदालतको समस्याबारे बाँकी पृष्ठ २ मा

एमसीसीको वक्तव्य

# निर्णय नेपालकै हातमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ कात्तिक ।



अमेरिकी सहायता परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) ले सम्झौता हुने वा नहुने भन्ने निर्णय नेपालकै हातमा रहेको बताएको छ । आइतबार बक्तव्य जारी गरेर एमसीसी अगाडि बढाउने वा नबढाउने भन्ने निर्णय नेपालकै हातमा रहेको बताएको हो । एमसीसी सम्झौता अगाडि बढाउने नेपालले प्रतिबद्धता जनाएको पनि बक्तव्यमा उल्लेख छ ।

केही समय अगाडि एमसीसीका उपाध्यक्ष नेपाल भ्रमणमा आएकी थिइन् । उनले भ्रमणका क्रममा नेताहरुको गरेको छलफल र भएको प्रतिबद्धता समेत सम्झिएको छ । सरकार र नेताहरुले एमसीसी अगाडि बढाउने प्रतिबद्धता जनाएको उल्लेख गरिएको छ ।

यो सम्झौता अनुमोदन नहुँदा लाखौ नेपाली लाभलाई नोक्सान पुग्ने एमसीसीले जनाएको छ । पाँच सय मिलियन डलरको अनुदान गुम्दा २ करोड ३० लाख नेपालीको विकासको चाहना अधुँरो रहने पनि एमसीसीले जनाएको छ । तर सम्झौता गर्ने वा नगर्ने निर्णय नेपालकै हातमा रहेको पनि एमसीसीले जनाएको छ । एमसीसी अनुदोन गर्ने वा नगर्ने भन्नेमा नेपालमा चर्को विवाद छ । विवादकै कारण एमसीसी अनुमोदन हुन सकेको छैन ।

सत्ता साझेदार दलहरुमा पनि एमसीसीबारे एकमत छैन । नेपाली काँग्रेसका सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवा एमसीसी अनुमोदन गराउनुपर्ने पक्षमा छन् । अघिल्ला प्रधानमन्त्री केपी शर्मा ओलीसँग प्रधानमन्त्री देउवाको मत मिल्छ । ओलीले एमसीसी अनुमोदन गराउन नसकेपछि पार्टीभित्र काम गर्न नदिइएको तर्क गरेका थिए । तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्र एमसीसीबारे चर्को मतभेद थियो । त्यसबेला पुष्पकमल दाहाल प्रचण्ड सहितका नेताहरुले एमसीसी अनुमोदन संशोधन नगरी गर्न नसकिने अडान लिएका थिए । यही विवादले नेकपा विभाजित भयो र पछि विघटन पनि ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड अहिले पनि एमसीसी संशोधन गरेर मात्रै अनुमोदन गराउने पक्षमा छन् । तर प्रधानमन्त्री देउवा बाँकी पृष्ठ २ मा

# कोरोनापछिको वैदेशिक रोजगारी पनि खाडी मुलुकमै

# सय कामदार पठाउने म्यानपावर ७० भन्दा बढी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ कात्तिक

वैदेशिक रोजगारीमा जानेक्रम क्रमशः बढिरहेको छ । वैदेशिक रोजगार विभागले तयार पारेको प्रतिवेदन अनुसार असोज महिनामा म्यानपावर कम्पनीमार्फत २६ हजार ९१ जना कामदारले वैदेशिक रोजगारमा जानका लागि अन्तिम श्रम स्वीकृति लिएका छन् । उनीहरू पहिलोपटक वैदेशिक रोजगारीमा जान लागेका हुन् । त्यसमा महिला कामदारको संख्या १ हजार ४ सय ७५ रहेको छ ।

असोज महिनामा व्यक्तिगत प्रयासमा १ सय ९२ महिलासहित थप एक हजार ८१ जना, वैधानिकीकरणका माध्यमबाट पाँच सय ५२ जना, पुनः श्रम स्वीकृतिका माध्यमबाट ११ हजार ८ सय ४७ जना गरी समग्रमा ३९ हजार ६ सय ७१ जनाले वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका छन् ।

बिभागद्वारा जारी असोज महिनाको प्रगति विवरण अनुसार एकै महिनामा ५६८ म्यानपावरले वैदेशिक रोजगारमा कामदार पठाएका छन् । त्यसमध्ये सबैभन्दा बढी साउदी अरबमा १३ हजार ३ सय ४८ जना, कतारमा ७ हजार ६ सय ८५ जना, यूएईमा ३ हजार १ सय ६ जना, रोमानियामा २ सय ९ जना, ओमानमा ३ सय १३ जना, मरिससमा २५ जना, कुवेतमा २३ जना, जोर्डनमा ७ जना, साइप्रसमा २ सय ३४ जना, बहराइनमा २ सय ५५ जनाले संस्थागत अर्थात् म्यानपावर कम्पनी मार्फत श्रम स्वीकृति लिएका छन् ।

त्यसमध्ये असोज महिनामा एसओएस म्यानपावर सर्भिस प्रालिबाट ६ सय १७ जनाले अन्तिम श्रम स्वीकृति प्राप्त गरेका छन् । त्यसमा १९ जना महिला छन् । दोश्रोमा रहेको अक्सफोर्ड इन्टरनेशनल प्रालिले ५ सय ८४ जना, तेश्रो नम्बरमा रहेको प्याराडाइज इन्टरनेशनल प्रालिले ५ सय ११ जना, सूचीको चौथो स्थानमा रहेको ट्यालेन्ट ओभरसिस सर्भिसेस प्रालिले ४ सय ८२ जना, पाँचौं स्थानमा रहेको फजल इन्टरनेशल प्रालिले ४ सय १६ जना, छैठौं स्थानमा रहेको एडभान्स्ड म्यानेजमेन्ट कन्सलट्यान्टस प्रालिले ३ सय ७२ जना, सातौं स्थानमा रहेको सपोर्ट ह्युमन रिसोर्स प्रालिले ३ सय ३७ जनाको अन्तिम श्रम स्वीकृति लिएका छन् ।

त्यस्तै आठौं स्थानमा रहेको इन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट प्रालिले २ सय ८१ जना, नवौं स्थानमा रहेको लिंक इन्टरनेशनल प्लेसमेन्ट सर्भिस प्रालिले २ सय ६१ र दशौं स्थानमा रहेको अल जाफर इन्टरनेशनल प्रालिले २ सय ४९ जनाको अन्तिम श्रम स्वीकृति लिएका छन् ।

असोज महिनामा ७२ म्यानपावर कम्पनीले कम्तीमा सय कामदारको अन्तिम श्रम स्वीकृति लिएका छन् । असोज महिनामा विभागले ६२ हजार ५३ जनाको पुर्व स्वीकृति दिएको छ ।

**वैदेशिक रोजगार विशेष**

## जोर्डनको मागपत्र प्रमाणीकरणमा सहजीकरण

**काठमाडौं/मस–** सरकारले वैदेशिक रोजगारीका लागि जोर्डनको मागपत्र प्रमाणीकरण शुरूवात गर्ने निर्णय गरेको छ । कार्यविधिको कारणले लामोसमय रोकिएको जोर्डनको मागपत्र प्रमाणीकरणलाई सहज बनाउने निर्णय गरेको परराष्ट्र मन्त्रालयका सह-सचिव हरिश्चन्द्र घिमिरेले बताएका छन् ।

जोर्डनबाट आउने मागपत्र नेपाली कन्सुलरले प्रमाणीकरण गर्दै आएकोमा वैदेशिक रोजगार मागपत्र प्रमाणीकरण निर्देशिका २०७५ ले समस्या पारेको थियो । निर्देशिकामा नेपाली नियोगले मागपत्र प्रमाणीकरण गरी वैदेशिक रोजगार विभागले सञ्चालनमा ल्याएको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस) मा पठाउने व्यवस्था छ । उक्त व्यवस्थाका कारण जोर्डनको मागपत्र प्रमाणीकरणमा समस्या रहेको थियो । सहसचिव घिमिरेले इजिप्टको कायरोस्थित नेपाली दूतावासले मागपत्र प्रमाणीकरण बाँकी पृष्ठ २ मा

# पछि हट्यो काँग्रेस

प्रदेश-१ को मुख्यमन्त्री राजेन्द्र राईलाई बनाउन गठबन्धनका दलहरुले सर्वसहमत निर्णय गरेका छन् । नेपाली काँग्रेसले आलोपालो मुख्यमन्त्रीको प्रस्ताव गर्दा राईलाई मुख्यमन्त्री बन्ने बाटो खुल्न सकेको थिएन ।

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, १४ कात्तिक ।



राजेन्द्र राई

प्रदेश-१ का मुख्यमन्त्री राजेन्द्र राईलाई बनाउन गठबन्धनका दलहरुले सर्वहमत निर्णय गरेका छन् । नेपाली काँग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) र जनता समाजवादी पार्टी (जसपा) का नेताहरुले राईलाई मुख्यमन्त्री बनाउने सर्वसहमत निर्णय गरेका हुन् ।

यसअघि काँग्रेसले मुख्यमन्त्रीमा आलोपालोको प्रस्ताव गरेपछि प्रदेशसभा बैठक स्थगित गरिएको थियो । काँग्रेसकै प्रस्तावका कारण १० कात्तिकमा बोलाइएको प्रदेशसभा बैठक सूचना टाँसेर स्थगित गरिएको थियो । तर फेरि गठबन्धनमा सहमति जुटेको छ ।

यो प्रदेशमा एकीकृत समाजवादीका नेता राईलाई मुख्यमन्त्री बनाउन शीर्ष नेताहरुबीच सहमति जुटेको थियो । प्रदेश-१ र बागमती प्रदेशमा एकीकृत समाजवादी नेतृत्वको सरकार बनाउने सहमति थियो । कर्णाली, सूदुरपश्चिम र लुम्बिनी प्रदेशमा माओवादी केन्द्रको नेतृत्वमा सरकार छ । गण्डकी प्रदेशमा काँग्रेस र प्रदेश-२ मा जसपा नेतृत्वको सरकार छ ।

प्रदेश-१ मा केन्द्रमा जुटेको सहमतिमा प्रदेश तहका नेताहरु सन्तुष्ट नभएपछि आजका लागि प्रदेशसभा बैठक बोलाइएको छ । तर बैठक बस्नु अघिल्लो दिन राईलाई मुख्यमन्त्री बनाउने सहमति जुटेको छ । यो सहमतिसँगै एमाले नेता भीम आचार्य पदमुक्त भएर एकीकृत समाजवादीका राईको नेतृत्वमा सरकार बन्ने निश्चित भएको छ । प्रदेश-१ र बागमती प्रदेशमा एमालेको एकल सरकार थियो ।

तर २ भदौ २०७८ मा एमाले विभाजित भएपछि बहुमत गुमाएको थियो । बागमतीमा एमाले उपाध्यक्ष अष्टलक्ष्मी शाक्य हटेर राजेन्द्र पाण्डे मुख्यमन्त्री बनिसकेका छन् । प्रदेश-१ मा आज राई मुख्यमन्त्री बन्ने बाटो खुल्ने देखिन्छ । प्रदेश-१ मा ९२ सांसद छन् । एमालेसँग ४१ सांसद छन् । तर एक सभामुख र एक जना फरार रहेकाले ३९ सांसद मात्रै छन् । तर विपक्षीय गठबन्धनसँग भने बाँकी पृष्ठ २ मा



## स्याहानैं पऱ्यो

बेमौसमी वर्षासँगै आएको बाढीले बगर बनाएको खेतमा बाँकी रहेको धान घर भित्र्याउन सफा गर्दै तिला गाउँपालिका-४ जुम्ला साँपुल्ली गाउँका किसान। तस्बिरः रासस

# गल्छी–त्रिशुली–काठमाडौं सडकखण्ड चल्ने सवारी साधनको यान्त्रिक परीक्षण

**दिवश ढकाल/मध्यान्ह**
नुवाकोट, १४ कात्तिक

गल्छी-त्रिशुली-काठमाडौं सडकखण्ड भएर चल्ने सवारी साधनको नुवाकोटको विदुरमा यान्त्रिक परीक्षण गरिएको छ। जिल्ला ट्राफिक प्रहरी कार्यालय नुवाकोटमा प्रहरी नायव निरीक्षकको रुपमा सन्तोष पोखरेल आएसँगै यसरी सवारी साधनको यान्त्रिक परीक्षण गर्न थालिएको हो।

यसरी पोखरेलले सवारी साधनको यान्त्रिक परीक्षण गरेर मात्र सवारीको इन्ट्री दिने नियम सञ्चालन गरेपछि पछिल्लो २ महिनामा नुवाकोटको विदुर हुँदै काठमाडौं लगायत अन्यत्र जाने सवारी साधनको दुर्घटनामा कमी आएको छ। दिनानुदिन बढ्दै गरेको सवारी दुर्घटनालाई मध्यनजर गरी यन्त्रिक कारणले हुने दुर्घटना न्युनिकरण गर्ने उद्देश्यले जिल्ला प्रहरी कार्यलय नुवाकोटको संयुक्त आयोजना तथा अटोमोबाइल्स नुवाकोटको प्राविधिक सहयोगमा कात्तिक १३ गते शनिबार ८ बजेदेखि १० :३० बजे सम्म नुवाकोट वि.न.पा. ५ गंगटेस्थित गल्छी-त्रिशुली-काठमाडौं सडक खण्ड भएर चल्ने ठूला तथा साना गरी जम्मा ९२ वटा सवारी साधनको यन्त्रिक परीक्षण गरिएको हो। साथै कमी कमजोरी भएको सवारी साधनहरुलाई तुरुन्त मर्मत सम्भार गर्न सल्लाह सुझाव दिइएको, उक्त यान्त्रिक परीक्षण गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय नुवाकोटका कार्यालय प्रमुख प्रहरी नायव निरीक्षक सन्तोष पोखरेलले जानकारी दिए।



## 'शिक्षा क्षेत्रका समस्या समाधान गर्छौं'



**बागलुङ/मस**–शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले शिक्षा क्षेत्रमा लामो समयदेखि गाँजिएर रहेका समस्या एकपछि अर्को गर्दै समाधान गरिने बताएका छन्। नेकपा (माओवादी केन्द्र) निसीखोला गाउँपालिकाले चाडबाडका अवसरमा आइतबार आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा उनले अस्थायी र करार शिक्षकको व्यवस्थापन तथा दरबन्दी मिलानलगायत अल्झेर बसेका शिक्षा क्षेत्रका कामलाई अगाडि बढाइने बताए।

उनले भने, 'शिक्षा क्षेत्रमा चुनौतीको थुप्रो छ, ४०औं वर्षदेखि समस्याहरू गाँजिएर रहेका छन्, तिनलाई क्रमशः हल गरिनेछ। अर्थ मन्त्रालय र प्रधानमन्त्री कार्यालयसँग पनि यस विषयमा छलफल भएको छ, अब लगत्तै काम सुरु हुन्छ।'

मन्त्री पाडैलले अस्थायी शिक्षकका जायज मागलाई नीति र विधिगत प्रबन्धमार्फत सम्बोधन गरिने भन्दै शिक्षक दरबन्दी मिलानको काम शुरु भइसकेको बताए। कार्यभार सम्हालेपछिको पहिलो फाइल दरबन्दी मिलानकै सदर गरेको उनले जानकारी दिए।

'एकातिर शिक्षकको दरबन्दी अभाव र अर्कोतिर अस्थायी शिक्षकको समस्या यो अवस्थाको अन्त्य गर्न मन्त्रालयले काम अगाडि बढाएको छ', मन्त्री पौडेलले भने। विशिष्ट परिस्थितिमा आफू मन्त्रालयको नेतृत्वमा आइपुगेको भन्दै उनले आफ्नो कार्यकाल शिक्षा क्षेत्रको सुधारमा खर्चने बताए।

मन्त्री पौडेलले शैक्षिक पूर्वाधार विकास र विद्यालय भवन पुनर्निर्माणको कामलाई पनि निरन्तरता दिइने बताए। अन्तरमन्त्रालय समन्वय गरेर जिल्लाको विकास, निर्माणमा पनि यथाशक्य भूमिका निर्वाह गर्ने उनले प्रतिबद्धता जनाए।

# दुई चिनियाँ नागरिक पक्राउ



**किमाथाङ्का/मस**–संखुवासभाको खाँदबारी नगरपालिका-९ तुम्लिङटारबाट दुई चिनियाँ नागरिक पक्राउ परेका छन्। प्रहरीले खाँदबारी-९ तुम्लिङटारस्थित बुद्ध होटलबाट अवैध औषधिसहित दुई चिनियाँ नागरिकलाई पक्राउ गरेको हो।

पक्राउ पर्नेमा सिचुवान प्रान्त घर भई हाल खाँदबारी-९ तुम्लिङटार बस्ने सान्दोङ र यू छिनग्लिन रहेको जिल्ला प्रहरी कार्यालय संखुवासभाका प्रहरी निरीक्षक शुभेष अधिकारीले जानकारी दिए। विशेष सुराकीका आधारमा प्रहरीले निजहरूलाई पक्राउ गरेको प्रहरी निरीक्षक अधिकारीले बताए।

आइतबार दिउँसो जिल्ला प्रहरी कार्यालय र विमानस्थल सुरक्षा गार्ड तुम्लिङटार प्रहरी चौकीबाट खटिएको संयुक्त प्रहरी टोलीले बुद्ध होटलमा लुकाइराखेका अवस्थामा राजश्व छली गरेर ल्याएको पिबिओजी औषधिसहित चिनियाँ नागरिकलाई पक्राउ गरेको प्रहरी निरीक्षक अधिकारीले बताए।

प्रहरीले बुद्ध होटलको कोठा नम्बर ५०२ बाट ८०० किलोग्राम पिबिओजी औषधिसमेत बरामद गरेको उनले बताए। चिनियाँ नागरिकबाट बरामद भएको पिबिओजी औषधि राजश्व अनुसन्धान कार्यालय इटहरी पठाइएको जिल्ला प्रहरी कार्यालय संखुवासभाले जनाएको छ।


## UAE को SEMI GOVT. कम्पनीमा DPS र PSBD Security Guard हरुको आवश्यकता

शनिबार पनि कार्यालय खुला रहने छ।

कम्पनी: ETISALAT FACILITIES MANAGEMENT LLC
पूर्व स्वीकृत मितिः २०७८/०६/०१ L.T. No.: 246092
चलानी नं.: ६०१६३३०२
पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard(SIRA) | 200 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३९,०४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Gauards (PSBD) | 200 | 0 | | 2000 | ६५,०८० | | | | | | | |

PSBD को हकमा Basic Salary AED 2000 र Other Allowance AED 770 सहित AED 2770 हुनेछ।
DPS को हकमा Basic Salary AED 1200 र Other Allowance AED 720 सहित AED 1920 हुनेछ।

★ कम्तीमा SLC पास साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ।
★ उमेर २२ बर्ष देखि ४० बर्ष ननाघेको र उचाई DPS को हकमा ५ फिट ५ ईन्च र PSBD को हकमा ५ फिट ७ ईन्च भन्दा माथि हुनुपर्नेछ।
★ Civil, Ex-Army, Police मा कम्तीमा २ वर्षको अनुभव भएकाहरुलाई विशेष ग्राह्यता दिइनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

• अन्तर्वार्ता मेनपावर कार्यालय, रानीबारी चोक, सामाखुसीमा २०७८ कार्तिक २२ गते (8 Nov. 2021) मा हुनेछ। • अन्तर्वार्ता सी.पी. होटेल, बिर्तामोड, झापामा र होटल इन टुरिष्ट, इटहरी, सुनसरीमा २०७८ कार्तिक २३ गते (9 Nov. 2021)मा हुनेछ। • अन्तर्वार्ता स्वस्तिक कटेज, बाँके, नेपालगञ्जमा र होटेल मेरिडियन, राम मन्दिर लाइन, बुटवल, रुपन्देहीमा २०७८ कार्तिक २४ गते (10 Nov. 2021)मा हुनेछ। • अन्तर्वार्ता होटल रेड कार्पेट चितवन, भरतपुरमा र होटल दिव्यश्री, पोखरा, कास्कीमा २०७८ कार्तिक २५ गते (11 Nov. 2021)मा हुनेछ। • अन्तर्वार्ता मेनपावर कार्यालय, रानीबारी चोक, सामाखुसीमा २०७८ कार्तिक २६ गते (12 Nov. 2021)मा हुनेछ। • अन्तर्वार्ता मेनपावर कार्यालय, रानीबारी चोक, सामाखुसीमा र बसुन्धारा ब्याक्वेटमा २०७८ कार्तिक २७ गते (13 Nov. 2021)मा हुनेछ। • अन्तर्वार्ता होटल रेड कार्पेट चितवन, भरतपुरमा २०७८ कार्तिक २८ गते (14 Nov. 2021)मा हुनेछ। • अन्तर्वार्ता होटल दिव्यश्री, पोखरा, कास्कीमा २०७८ कार्तिक २९ गते (15 Nov. 2021)मा हुनेछ। • अन्तर्वार्ता सी.पी. होटेल, बिर्तामोड, झापामा २०७८ कार्तिक ३० गते (16 Nov. 2021) मा हुनेछ। • अन्तर्वार्ता मेनपावर कार्यालय, रानीबारी चोक, सामाखुसीमा र बसुन्धारा ब्याक्वेटमा २०७८ मंसिर १ गते (17 Nov. 2021) मा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

श्रम इजाजत नं. १३२४/०७४/०७५

**STARIS HR SERVICES PVT. LTD.**
Samakhusi-26, Kathmandu, Tel.: 01-4381145, 4365203
Contact No: 9851320076, 9851176848, 9851172289, 9841669779, 9801458705, 9818414783, 9858022551, 9855019595, 9827163906


# हुलाक बचत बैंकका बचतकर्ताहरू धर्नामा




**बझाङ/मस**–जिल्ला हुलाक बचत बैंकमा बचतकर्ताहरूले नाराजुलुस सहित धर्ना दिएका छन्। हुलाक बचत बैंकमा बचत गरेको रकम भुक्तानी पाउनुपर्ने माग गर्दै बचतकर्ताहरूले धर्ना दिएका हुन्।

हुलाक बचत बैंकमा आफूले बचत गरेको रकम २ वर्षदेखि नपाएको भन्दै शुक्रबार प्रमुख जिल्ला अधिकारी मोहन अधिकारीमार्फत बचतकर्ताहरूले नेपाल सरकारलाई ज्ञापन पत्र बुझाएका थिए। आफूहरूले बचत गरेको रकम भुक्तानी गरिदिन शुक्रबार ज्ञापन पत्र बुझाएका बचतकर्ताहरूले आइतबार जिल्ला हुलाक कार्यालयमा नाराजुलुस सहित धर्ना दिएका छन्।

बचतकर्ताहरूले हुलाक बचत बैंकको कारोबार शुरु गर्नुपर्ने, आफूहरूको बचत गरेको रकम फिर्ता पाउनु पर्ने लगायतका माग राख्दै धर्ना दिएका हुन्। आफूहरूले बिहीबार नाराजुलुस र धर्ना दिने तथा माग सम्वोधन नभए भोलि हुलाक कार्यालयमा ताला लगाउने संघर्ष समितिका संयोजक खडकबहादुर बोहराले बताए।

बचतकर्ताले कार्यालयमा धर्ना दिनुका साथै हुलाक कार्यालयबाट हुने सबै कामहरू बन्द गर्न लगाएका छन्। कामकाज बन्द हुँदा गाउँबाट नागरिकता बनाउन सदरमुकाम चैनपुर पुगेका सेवाग्राहीलाई नागरिकताको सिफारिसमा टाँस गर्ने हुलाक टिकट नपाएर नागरिकता बनाउन सकेका छैनन्।

जिल्ला हुलाक कार्यालयका निमित्त कार्यालय प्रमुख राजेन्द्रबहादुर खड्काले आफूहरूले माथिल्लो निकायलाई बेलाबेला जानकारी गराए पनि कुनै चासो नदिएको बताए। आर्थिक वर्ष २०७०/७१ मा हुलाक बचत बैंकले बझाङमा आफ्नो सेवा सुरु गरेको थियो।

तत्कालिन समयमा जिल्लामा कृषि विकास बैक र राष्ट्रिय वाणिज्य बाहेक अन्य बैंकहरू नभएको र आकर्षक ब्याज पाउने भएपछि बचतकर्ताहरू हुलाक बचत बैंकतर्फ आकर्षित भएका थिए।

# उपमहानगरका प्रमुखको घरअगाडि वडाध्यक्षले थुपारे फोहोर



**जनकपुरधाम/मस**–जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख लालकिशोर साहको घरअगाडि उपमहानगरपालिकाका वडा अध्यक्षहरूले फोहोर थुपारिदिएका छन्। प्रमुख साहले फोहोर व्यवस्थापनमा ध्यान नदिएको भन्दै वडाध्यक्षहरूले फोहोर थुपारेका हुन्।

वडा नम्बर १ का वडाध्यक्ष शत्रुधन साह, वडा नम्बर ३ का वडाध्यक्ष दीपेन्द्र साह, वडा नम्बर ४ का वडाध्यक्ष सुदर्शन सिंह र वडा नम्बर ७ का वडाध्यक्ष जानकीराम साहको नेतृत्वमा युवाहरूको टोलीले नगरप्रमुख साहको घरअगाडि फोहोर थुपारेका हुन्। ट्रयाक्टरमा फोहोर संकलन गरेर वडाध्यक्ष जानकीराम साहले आफैं ट्रैक्टर चलाएर प्रमुख साहको घरसम्म फोहोर पुऱ्याएका थिए। फोहोर व्यवस्थापनका लागि मेयर साहले चासो नदेखाएको, फोहोर व्यवस्थापनका लागि उपमहानगरले ट्रयाक्टरसम्म उपलब्ध नगराएकाले विरोध स्वरुप प्रमुख साहको घरअगाडि नै फोहोर थुपार्नु परेको वडा नम्बर ४ का वडाध्यक्ष सुदर्शन सिंहले बताए।

यद्यपि आफ्नो वडामा आफैं सरसफाइ गरेर फोहोर व्यवस्थापन गर्न लागेको वडा नम्बर ७ का वडाध्यक्ष जानकीराम साहले बताए।


**VACANCY ANNOUNCEMENT**

1. OFFICE SECRETARY
*2-Male/Female*
2. PROJECT MANAGER
*2-Male/Female*
3. DOCUMENTATION
*2-Male/Female*
4. RECEPTIONIST
*2-Female*

DD Human Resource Private Limited
DD Human Resource Pvt. Ltd.
Manpower Bazar Road No-1
Shambhu Marga, Kathmandu,Nepal
Tel.: +977-1-5901569/9851018913
cm@ddimnepal.com


नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
हकदाबी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०७४/०२/२४ मा दर्ता भएको **इन्टरनेशनल एजुकेशन कन्सल्टेन्सी एण्ड जब प्लेसमेन्ट** (प्रा.लि. नं. १६२७५४) नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कर्मचारी खास लिएको वा सो कम्पनीले कुनै लिनु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दाबीको लागि ३५ दिन भित्र यस कार्यालयमा दाबी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दाबी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिने छ।

## खनियाबास गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
दार्खा, धादिङ
बागमती प्रदेश, नेपाल

## आर्थिक प्रस्ताव खोल्ने बारेको सूचना

प्रकाशित मिति :२०७८/०७/१५

यस खनियाबास गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, दार्खा धादिङको मिति २०७८ भाद्र ८ मा नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित Thambu–Bachchhala–Gravel Road ,IFB No.: MKhaniyabas/NCB/works/09/2078–79, Plengpleng–Sanyung–Kokhim Gravel Road, IFB No.: MKhaniyabas/NCB/works/10/2078–79 र Chaukitole–Singgang–Akhathali Gravel Road, IFB No.: MKhaniyabas/NCB/works/08/2078–79 निर्माण कार्यको लागि रितपद्रर्बक पेश भएका बोलपत्रहरुको प्राबिधिक प्रस्ताब खोलि बोलपत्र मद्रल्यांकन समितिले योग्यताका सम्पूर्ण आधारहरुमा सफल भइ सारभुत रुपमा प्रबाबग्राही रहेको ठहर गर्दै सार्बजनिक खरिद नियमावली २०६४ को नियम ३१(ङ) को उपनियम (५) बमोजिम सारभुत रुपमा प्रभाबग्राही रहेका बोलापत्रदाताहरुको आर्थिक प्रस्ताब मिति २०७८/०७/२८ गते दिउँसो १:०० बजे यस खनियाबास गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयमा खोलिने हुँदा सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः-

| सि. नं. | कामको विवरण | सारभूत रुपमा प्रबाबग्राही रहेका बोलपत्र |
|---|---|---|
| 1. | Chaukitole-Singgang-Akhathali Gravel Road, IFB No.: Khaniyabas/NCB/works/08/2078-79 | 1.Baniya-Nati JV,Ward-4,Imadol<br>2. Divya Jyoti-Om Shretha JV, Kalanki, Kathmandu, Nepal<br>3.Nagarjun-Aashika-Saurya Jyoti J/V, Kapan Kathmandu |
| 2. | Thambu-Bachchhala-Gravel Road, IFB No.: Khaniyabas/NCB/works/09/2078-79 | 1.Divya Jyoti Construction Pvt.Ltd, Nilkantha-3, Dhading<br>2.Nagarjun-Aashika-Saurya Jyoti J/V, Kapan Kathmandu |
| 3. | Plengpleng-Sanyung-Kokhim Gravel Road, IFB No.:Khaniyabas/NCB/works/10/2078-79 | 1.Divya Jyoti Construction Pvt.Ltd, Nilkantha-3, Dhading |

प्रमुख प्रशासकीय अधिकृत

## सम्पादकीय

# सकारात्मक पहलकदमी

प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरा र न्यायाधीशहरू बीच सर्वोच्च अदालतको समस्या हल गर्नेबारे छलफल भएको छ । गएको ७ कात्तिकमा प्रधानन्यायाधीश जबराले नेपाल बार एशोसिएशनका पदाधिकारीसँग छलफल गरी फुल कोर्ट बोलाएपछि न्यायाधीशहरू अघोषित आन्दोलनमा छन् । न्यायालयको मर्यादा र गरीमा जोगाउन प्रधानन्यायाधीश जबराले राजीनामा दिनुपर्ने अडान सहित एक साता देखि न्यायाधीशहरू इजलासमा बसेका छैनन् । कार्यकारी प्रमुखसँग न्यायालयको गरीमा र विश्वासमाथि सौदाबाजी गरेको न्यायाधीशहरूको निष्कर्ष छ । तर प्रधानन्यायाधीश जबराले भने सडकबाट राजीनामा मागेर नहुने, सके महाअभियोग लगाउन चुनौती दिएका थिए । तर आइतबार भने प्रधानन्यायाधीश जबराले न्यायाधीशहरूका तर्फबाट छलफलमा आएका तीन न्यायाधीशसँग सम्मानजनक निकासको प्रस्ताव गरेका छन् ।

न्यायाधीशहरूका तर्फबाट डा. मनोजकुमार शर्मा, अनिल सिन्हा र सपना प्रधान मल्ल प्रधानन्यायाधीशसँग वार्तामा बसेका थिए । वार्तामा प्रधानन्यायाधीश जबराले सम्मानजनक निकासको प्रस्ताव गरेका छन् । तर न्यायाधीशहरूले भने कुनै जवाफ दिएका छैनन् । त्यो सम्मानजनक निकासको प्रस्तावबारे प्रधानन्यायाधीश जबराले केही समय पछि राजीनामा दिने प्रस्ताव गरेका छन् । यसपछि न्यायाधीशहरूले पनि कम्तिमा बन्दी प्रत्यक्षीकरणको मुद्दामा भने सुनुवाई हुन सक्ने संकेत दिएका छन् । गएको सोमबार देखि सर्वोच्चमा कुनैपनि सुनुवाइ हुन सकेको छैन । जबकी सर्वोच्चमा मुद्दाको चाङ छ । तर प्रधानन्यायाधीश जबराको माग सहित न्यायाधीशहरू र अधिवक्ताहरू आन्दोलित हुँदा न्यायालयको संकट थप गरिएको थियो ।

तर राजनीतिक दलहरूले भने यो विवाद अदालतको भएको भन्दै कुनै पहलकदमी लिएको थिएन । पूर्व प्रधानन्यायाधीश, पूर्व न्यायाधीश, सर्वोच्चका न्यायाधीशहरू, नेपाल बार एशोसिएशन लगायतले राखेको मागअनुसार, दलहरूले महाअभियोगको संकेत भने दिएका थिएनन् । यस्तो बेलामा मागकर्ता अथवा प्रधानन्यायाधीश जबराले निकासको बाटो खुला गरिदिनुपर्ने थियो । किनभने न्यायालय बन्धक हुँदा यसको असर आमनागरिक र मुलुकले खेप्नुपरिरहेको छ । तर संसद् अधिवेशन नै अन्त्य गरेर विदेश भ्रमणमा निस्किएर प्रधानमन्त्री शेरबहादुर देउवाले गैरजिम्मेवारपन देखाइरहँदा प्रधानन्यायाधीशको अग्रसरता सकारात्मक हो । राजीनामा दिइन् अथवा राजीनामा माग राख्नेहरूलाई मनाउनु प्रधानन्यायाधीशको दायित्व पनि हो । न्यायालयको नेतृत्व गरिरहेका प्रधानन्यायाधीशले पदकै खातिर न्यायालयको विश्वास गुमाउने र न्याय पाउने नागरिक अधिकार बन्धक गर्नु उचित हुँदैन । बरू, आइतबार शुरू भएको निकासको खोजी गर्ने पहलकदमीलाई तीव्र पार्न जरूरी छ ।

## सामाजिक सञ्जाल



नामचलेका वकिल शम्भू थापाले प्रधानन्यायाधीशलाई भनेछन् न्यायालयको संरक्षक नेपाल बार हो, बारले तपाईंको राजीनामा मागिसक्यो, राजीनामा नदिने को हो तपाईं ? आफु विज्ञ नभएपनि बुझेको जसले नियुक्त गर्छ उसले मात्र निकाल्न पाउँछ । के बारले प्रधानन्यायधीश नियुक्त गऱ्या हो ?

**- विनोद आचार्य**



न्यायलयको चिन्ता छैन, लण्डन घुमघाममा सोख छ ! शासकहरूको रहरले देशको भू-भाग गुमेको इतिहास छ, मुलुक गुमेको उदाहरण छ । यस्तै पारा रहिरहे भोलि कुन देशको प्रतिनिधि बनेर जाने, न्यायलय बचाउनु पर्दैन ?

**- निर्मल प्रसाई**



अबको राजनीति भनेको कुनै नीति सिद्धान्तभन्दा पर यस्तै व्यवस्थामा आफू कसरी सत्तामा पुग्ने भन्नेमा केन्द्रित छ । यो पुस्तालाई लागि सक्यो हामीले ठूलो क्रान्ति उपलब्धि गरिसक्यौं । तर जनताको अवस्था झन् दयनीय छ । जनविद्रोह फेरि हुन्छ । यो आधारभूत कुरा हो तर, फेरि घुमिफिरि रूम्जाटार नहोस् ।

**- विष्णु ढकाल**



स्वच्छता बहाना हो । प्रायः भोका भेटिए यहाँ पद र पैसाको ! आश्चर्य त अझै त्यहाँ देखियो, जहाँ न्यायको लागि उपस्थिति गराइन्थ्यो त्यही आपसमा नै कालाकोटधारी कुस्ती खेलेको भेटियो भने अब तथ्य-सत्य खोज्दै किन बहस ? साढे जुधाउ, जसको साढेले जित्छ उसैलाई न्याय दिलाउ !

**- चन्द्र श्रेष्ठ**



नेपालमा देशभक्तिको ठेक्का भुरे टाकुरे पुरातनपन्थी कम्युनिष्ट समूहहरू र सामन्तवादी अवशेषका रूपमा रहेका मण्डले जत्थाहरूले लिएको जस्तो देखाउने थोत्रा विचारहरूलाई पत्रिका र टेलिभिजनहरू खुब महत्वका साथ स्थान दिन्छन । मानौ, लोकतन्त्रवादी, उदारवादी, स्वतन्त्रताका पक्षधर हुनु देशभक्ति होइन् ।

**- तारानाथ दाहाल**


### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article.madhyanhadaily@gmail .com

# आर्य संस्कृतिमा वैज्ञानिक पक्ष

*परम्परा, संस्कृति तथा जीवनकलाको क्षेत्रमा आर्य समुदायले प्रकृति तथा वैज्ञानिक पक्षहरुलाई विकास गरेको देखिन्छ । अहिले विकास हुँदै गरेका कतिपय संरचनाहरु पनि तत्कालिन समय खोजबिन गरि विकास गरिएको थियो भन्ने प्रमाणहरु देखिन्छ । मानिसले आधारभन्दा धेरै बाहिरबाट कल्पना गर्न सक्दैन तथ्यलाई हेर्दा तत्कालिन समय धेरै कुराहरुको विकास भएको मान्न सकिन्छ ।*





● सन्देश अर्याल

*आर्य संस्कृतिको विकास प्रकृति र विज्ञान अनुकुल छ । प्रकृतिलाई मान्ने आर्य समुदायले मनाउने चाडपर्व पनि प्राकृतिक अवस्थालाई हेरेर निर्माण गरेको पाइन्छ । प्रत्येक चाडपर्वहरुको सम्बन्ध प्रकृतिसँग जोडिएको उत्पादन प्रणालीमा आधारित भएको भेटिन्छ ।*

जन्मनु, जन्माउनु र जे जसरी बाँच्ने बेलासम्म बाँच्नु जीवन के जीवन हो त ? आज यस्ता प्रश्नहरु धेरैको मनमा खेलिरहेका हुन्छन् । पृथ्वीमा मानिसका आँखाले देख्न सकिने र नसकिने गरि अरबौं प्रकारका जीवहरु अस्तित्वमा होलान् । ति सबै जीवहरुका बाँच्ने आ-आफ्नै भिन्न-भिन्न तरिका छन् । जो एक अर्कासँग मेल खाँदैनन् । तर मानिस पृथ्वी जगतमा अस्तित्वमा भएका मध्ये चेतनशील एवं विकसित प्राणी हो । त्यसैले कसरी बाँच्ने भन्ने प्रश्नमा अरु जीवको तुलनामा मानिसको जवाफ अलग हुन जरुरी छ । मानिस आफ्ना लागि मात्रै होइन्, अरु मानिसका लागि, अरु जीवका लागि, प्रकृतिका लागि र भविष्यका लागि पनि बाँच्नुपर्छ । अनि मात्रै उ मानिस बनेर बाँचिरहेको हुन्छ ।

हामीले देखिरहेका छौं, हरेक जीवहरुले एउटा तरिका, कला, नियम वा परम्परामा रहेर बाँचिरहेका हुन्छन् । यद्यपी ति जीवहरुलाई हामीले गैरचेतनशील जीवको रुपमा लिएका छौं । अन्य जीवहरुले लिखित इतिहास निर्माण गर्न सक्दैनन् । तर जीवनकलाको विषयमा उनीहरुले अनौपचारिक रुपमा आफ्नो जाति वा समूहलाई शिक्षा दिइरहेका हुन्छन् । जीवन कलाको हस्तान्तरण गरिरहेका हुन्छन् । मात्रै त्यो लिखित रुपमा हुँदैन् । तर व्यवहारिक हुन्छ । जीवहरुको बसाईंसराई वा लोप भएपछि पनि अवशेष वा अलिखित इतिहास छाडेर गएका हुन्छन् ।

हामी मानिसहरुले इतिहासको सुरक्षा र विकास गर्न सक्छौं । प्रकृतिले हामीलाई उन्नत जीवका रुपमा छनौट गरेर महत्वपुर्ण जिम्मेवारी पनि प्रदान गरेको कुरालाई हामीले स्वीकार्नुपर्छ । त्यसैले प्रकृति अनुकुलन र समयानुकुल सभ्यता विकासको कोणबाट निर्माण गरिएका हाम्रा चाडपर्व तथा संस्कृतिलाई हामीले जीवन कलाको रुपमा ग्रहण गरेर मनाउनुपर्छ ।

### आर्य समुदाय र हिन्दु संस्कृति

विश्वमा सबै जाति, समुदाय र धर्मको आ-आफ्नै प्रकारको विशिष्ट महत्व रहेको छ । सबैले आ-आफ्नै प्रकारको भिन्न-भिन्न पहिचान एवं मौलिकता बोकेका छन् । सबै जाति समुदायले विकास गरेको धर्म, संस्कृति, परम्परा एवं सभ्यता तत्कालिन सन्दर्भसँग जोडिएर विशिष्ट हिसाबले विकास भएको कुरा हामीले इतिहासबाट पाउँछौं । हिन्दु धर्मको विकास आर्य सभ्यतासँग जोडिएर भएको कुरा विभिन्न इतिहास सामाग्रीहरुले पुष्टि गरेका छन् ।

आर्यहरु हजारौं वर्ष पहिला सिन्धुघाटीबाट अफगानिस्तान र पाकिस्तान हुँदै वर्तमान भारत र नेपालका विभिन्न क्षेत्रमा छरिएर बसोबास गर्न थालेका थिए । इतिहास तथा धार्मिक ग्रन्थहरुले उल्लेख गरेका प्रमाणअनुसार दास युगकै समयमा आर्यहरुले सिन्धुघाटीबाट अफगानिस्तान र पाकिस्तान तर्फको यात्रा प्रारम्भ गरेका थिए । जतिबेला हिन्दु र मुस्लिम समुदायको औपचारिक भिन्नता भइसकेको थिएन् । नेपाल तथा भारतका विभिन्न भूगोलमा मंगोलियन समुदायको पनि बसोबास प्रारम्भ भइसकेको थियो । आफ्नो समुदायको सुरक्षासहित सिन्धुघाटीबाट नेपाल-भारत आइपुग्ने क्रममा आर्यहरुले अरु समुदायसँग धेरै युद्धहरु गर्नुपरेको थियो । गाई, नारी, धर्ती, अग्नी, वायु, आकाश, आदि लगायतलाई पुजा गर्ने संस्कारको प्रारम्भ आर्य समुदायका मानिसले सोहि समयबाट नै गरेका थिए । जसका केही प्रमाणहरु विभिन्न ग्रन्थबाट पनि पाउन सकिन्छ ।

आर्य समुदायले भारत र नेपाल क्षेत्रमा आइसकेपछि आफ्नो बसोबासलाई स्थिर बनाउन खोजेको देखिन्छ । सोहि क्रममा ऋषिहरुले वेद, पुराण र अन्य ग्रन्थहरुको विकास गरेका थिए भने सो समुदायले आफ्नो विशिष्ट सभ्यताको विकास गर्न पुगेको थियो । सामाजिक संरचनाका धेरै पक्षहरु मध्ये परम्परा, संस्कृति र जीवनकला पनि एउटा महत्वपुर्ण भाग हो । परम्परा, संस्कृति तथा जीवनकलाको क्षेत्रमा आर्य समुदायले प्रकृति तथा वैज्ञानिक पक्षहरुलाई विकास गरेको देखिन्छ । अहिले विकास हुँदै गरेका कतिपय संरचनाहरु पनि तत्कालिन समय खोजबिन गरि विकास गरिएको थियो भन्ने प्रमाणहरु देखिन्छ । मानिसले आधारभन्दा धेरै बाहिरबाट कल्पना गर्न सक्दैन तथ्यलाई हेर्दा तत्कालिन समय धेरै कुराहरुको विकास भएको मान्न सकिन्छ ।

### आर्य समुदायको जीवनकलामा वैज्ञानिक पक्ष

सबै धार्मिक समुदायको पहिचान झल्काउने भनेको उनीहरुले अंगाल्ने संस्कृति परम्पराले नै हो । सबै समुदायको आ-आफ्नै विशिष्ट प्रकारको परम्परा र संस्कृति हुन्छ । मुलतः आर्य समुदाय खस परिवारभित्रका मानिसहरुको जीवनकला विशिष्ट प्रकारको देखिन्छ । आर्य समुदायभित्रको कला संस्कृतिको मुल नेतृत्व कथित उच्च तथा शासक जातिको हैसियतले शताब्दीऔंदेखि ब्राम्हण र क्षेत्री समुदायले नेतृत्व गर्दै आएको पाइन्छ ।

सामन्तवादी सामाजिक सत्ता र छुवाछुतलगायतका गलत पक्षहरुलाई एकातर्फ राख्दा मुलतः आर्यहरुले विकास गरेको जीवनकला र संस्कृति प्रकृति अनुकुलन तथा वैज्ञानिक छ । आधुनिक आर्य समुदायका मानिसहरुले आफ्नो कला संस्कृतिलाई भुल्दै गएको देखिन्छ । यद्यपी बिहान उठेदेखि राति सुत्ने बेलासम्मको दैनिकीको सांस्कृतिक पक्ष वैज्ञानिक तथा व्यवहारिक देखिन्छन् ।

बिहान उठेपछि पहिला सौच गर्नु, नुहाउनु, बस्त्र परिवर्तन गर्नु, र दैनिकी कामको प्रारम्भ गर्नु आर्य समुदायको जीवनकला वा संस्कार हो । सुत्दा, खाना खाँदा र हिँडडुल गर्दा भिन्न-भिन्न बस्त्र धारण गर्ने प्रचलन आर्य संस्कारमा आधारित छ । आर्य समाजमा दैनिक रुपमा नुहाइ धुवाई गरेर पुजाआजा गर्नु, मन्त्र जप्नु, ध्यान गर्नु, सूर्य नमस्कार गर्नुलगायतका कुराहरु निकै विज्ञान सम्मत देखिएका छन् ।

समय परिवर्तनसँगै मानिसको स्वास्थ्यबारे गरिएका खोजीमा तत्कालिन समयदेखि विकास भएका उल्लेखित कुराहरु नै निकै विज्ञानसम्मत भएको देखिन्छ । आर्यहरुले संस्कृतिको रुपमा मान्दै आएका ती कुराहरु प्रयोगमा ल्याउनु निकै सान्दर्भिक छ । योग, ध्यान, व्यायामलगायतका कुराहरु आर्य संस्कृतिसँगै जोडिएर आएको देखिन्छ । जसलाई थप खोज र अध्ययन गरि प्रयोगमा ल्याउँदै परिस्कृत गराउनु आवश्यक छ ।

### चाडपर्व प्रकृति र विज्ञान अनुकुल

आर्य संस्कृतिको विकास प्रकृति र विज्ञान अनुकुल छ । प्रकृतिलाई मान्ने आर्य समुदायले मनाउने चाडपर्व पनि प्राकृतिक अवस्थालाई हेरेर निर्माण गरेको पाइन्छ । प्रत्येक चाडपर्वहरुको सम्बन्ध प्रकृतिसँग जोडिएको उत्पादन प्रणालीमा आधारित भेटिन्छ ।

असारमा मनाइने चाड र मंसिरमा मनाइने चाडको प्रकृति नै फरक छ । जुन उत्पादन सम्बन्ध र मौसमअनुकुल पनि देखिन्छ । साउनमा हामीले पर्व मात्रै मनाउँदैनौ विभिन्न रोग, व्याधिबाट छुटकारा पाउने उपायको पनि खोजी गर्छौं । साउन महिनाले खेतीपाती र हरियालीले मानिस र प्रकृतिबीचको तादात्म्यलाई अझ प्रष्ट पारेको छ । असोज र कात्तिकको बीचमा पर्ने दशैं, तिहार, छठलगायतका पर्वहरु पनि मौसमअनुकुल र उत्पादन सम्बन्धसँग जोडिएका छन् । समयको विकासक्रमसँगै चाडपर्वहरु मनाउने तौरतरिका बदलिएका भए पनि तीनको वास्तविकता भने प्रकृति र विज्ञान अनुकुल देखिन्छ ।

# किन हुन्छ भारतको विरोध ?

*किसुनजीको गोडामा ढोग्ने धेरै भारतीय नेता थिए । कहिले चीन वा कहिले पाकिस्तानको पक्षमा उभिएको नदेखिने गरेर, चीनियाँ कार्ड,सोभियत कार्ड र अमेरिकी कार्ड खेलेर होइन भारतको संवेदनशीलता बुझेर आफ्नो राष्ट्रको कुरा राखिहेर्नोस्, नतिजा पक्कै नेपालकै पक्षमा आउनेछ ।*



● केशवप्रसाद भट्टराई

राजा जयप्रकाश मल्लले आफ्नो राज्यको रक्षाको लागि तत्कालीन भारतसँग सहयोग मागे - उसले सहयोग गर्यो । पछि आएर पृथ्वीनारायण शाह र बहादुर शाहले पनि भारत सरकारसँग सहमति गरेरै नेपालको एकीकरण अभियानलाई अघि बढाए । राजा रणबहादुर शाह र काजी भीमसेन थापा र उनीहरूका विरोधीहरू दुवै पक्षले भारतको सहयोग र समर्थनमै सत्ता प्राप्त गर्न र सत्तामा कायम रहन अनुनय विनय गरे । राजा राजेन्द्र, रानी राजेन्द्र लक्ष्मी, माथवर सिंह थापा, जङ्गबहादुर थापादेखि मोहन समशेर सबैले भारतकै आड भरोसमा सत्ता प्राप्त गरे वा सत्तामा टिक्न चाहे ।

भारतकै सहयोग र समर्थनमा राजा त्रिभुवन पुनः सत्तामा आएका थिए । भारतकै बल, भर र सहयोगमा २००७ सालको क्रान्ति सफल भएको थियो । जुन सफलता पछि नै नेपाली कांग्रेस सत्तामा आएको थियो । २०१७ सालमा कांग्रेसको सरकार हटाउन राजाले भारतसँग नै समझदारी गरेका थिए । कांग्रेस सरकार हटाउन सहमति प्रदान गर्ने भारतसँग नै सहमति गरेर सुवर्ण समशेरले ससश्त्र विद्रोह गरेका थिए । उनले भारतकै परामर्शमा बिद्रोह फिर्ता पनि लिएका थिए । त्यसपछि राजालाई भारतको निरन्तर सहयोग र समर्थन रहेको देखिन्छ ।

२०३०-३१ मा कांग्रेसले भारतकै समर्थन र सहयोगमा पुनः हतियार उठाएको थियो । मालेको झापा विद्रोहमा पनि प्रकारान्तरमा भारत नै सहयोगी बनेको देखिन्छ । ०३६ को जनमत संग्रहको घोषणामा पनि भारत र जनमत संग्रहमा पंचायतलाई जिताउन पनि भारत ! २०४६ सालमा पंचायतलाई फाल्न पनि भारत !

२०४६ सालको आन्दोलनले स्थापना गरेको राज्य व्यवस्थालाई फाल्न माओवादीलाई प्रशिक्षण र हात हतियारलगायत हरतरहले सहयोग पनि भारतबाटै भएको देखिन्छ । नेपालमा राजसंस्था टिकाउने पनि भारत र फाल्ने पनि भारत नै देखिन्छ । कसलाई आइजी बनाउने, कसलाई कुन उच्च संवैधानिक पदमा नियुक्त गर्ने जस्ता कुरामा शासकहरुले पनि भारतलाई सोधेको तथ्य बेला-बेला सार्वजनिक भईरहेकै छन् ।

यो सरकार हटाउन सहयोग गर, हामीलाई सरकार देऊ भनेर प्रधानमन्त्री भइसकेको व्यक्तिले सडकबाट भारतलाई नै अपिल गरेको देखिन्छ । भन्दा अतियुक्ति हुँदैन - सबैमा भारत सबैलाई !

अंशु वर्मा, राजा जय प्रकाश मल्ल र पृथ्वी नारायण शाहको पालादेखि वर्तमानसम्म सत्ता राजीतिमा भारतको पक्ष वा विपक्षको भूमिकाले आफ्नो स्वार्थमा असर पुगेका मानिस र तिनका निकट वा समर्थकको संचित मनोविज्ञानले जबर्जस्ती भूमिका निर्वाह गरेको छ । नियतिले आज त्यो र भोली त्यो हुँदै गर्दा नेपालको राज्य सत्तामा रहेका सबै पक्ष त्यसबाट लाभ र हानी दुवै व्यहोर्ने गरेका छन् । अनि विरोधी जमात पनि बढिरहेको छ ।

### कुन भारतको विरोध ?

प्रश्न छ, आफ्नो राजनीतिक वा अन्य स्वार्थको लागि भारतको शरण नपरेका कुनै नेता देख्नु भएको छ ? उनीहरू आफ्नो स्वार्थको लागि विरोध गर्दछन् र स्वार्थकै लागि समर्थन गर्दछन् । उनीहरूको स्वार्थमा भारत साधक भएन भने कार्यकर्ता र आसेपासेलाई सडकमा उफार्छन् । मिडियामा चिच्याउँछन् । भारतलाई पक्षमा लिन्न खोज्दा जो सफल भए तिनले समर्थन गरे भने जसले भारतलाई आफ्नो पक्षमा पार्न सकेनन् तिनले विरोध गर्दछन् । सबै क्षेत्रमा त्यही अवस्था देखिन्छ ।

हामी आफ्ना निजी स्वार्थको लागि भारतको समर्थन र विरोध गर्दछौं, भारत आफ्नो राष्ट्रिय स्वार्थ हेरेर हामी मध्ये कसैलाई समर्थन र विरोध गर्छ वा गर्न सक्छ । त्यो उसको राष्ट्रिय दायित्व हो । राष्ट्रिय धर्म हो । हामी राष्ट्रभक्त भएनौ भनेर उसको राष्ट्रहित र राष्ट्रभक्तिमा प्रश्न किन उठाउने ?

के भारत पनि हामी जस्तै आफ्नो व्यक्तिगत स्वार्थमा मात्रै ध्यान देओस्, किनबेच होस्, राष्ट्रको हित नहेरोस्, आफ्नो राष्ट्रको माया नगरोस् भन्ने चाहेको ? नेपाललाई, केवल नेपाललाई ध्यानमा राखेर, नेपालको राष्ट्रिय हितलाई केन्द्रमा राखेर, राष्ट्र र देशप्रति पूर्ण प्रतिबद्ध भएर, भारतसँग आफ्नो मुलुकको हितमा दह्रो भएर कुरा राख्ने राष्ट्रभक्त नेपालीको हैसियतमा भारतसँग टेबुलमा बस्नोस् त ! भारतीयहरू भन्दा बढी आफ्नो राष्ट्रको हितमा अडिग रहेर वार्ता गर्ने अभ्यास त गरेर हेरौं, तपाइँको पाऊमा पर्ने छन् । किसुनजीको गोडामा ढोग्ने धेरै भारतीय नेता थिए । सडकले के भन्ला भनेर होइन् सत्य र विवेकलाई साक्षी राखेर, कहिले चीन वा कहिले पाकिस्तानको पक्षमा उभिएको नदेखिने गरेर, कहिले चीनियाँ कार्ड, कहिले सोभियत कार्ड र कहिले अमेरिकी कार्ड खेलेर भारतसँग डिल गर्न छोडेर, त्यस मामिलामा भारतको संवेदनशीलता बुझेर आफ्नो राष्ट्रको कुरा राखिहेर्नोस् । नतिजा पक्कै नेपालकै पक्षमा आउनेछ ।

तपाईंलाई टाउकोमा राख्छ भारतले । एउटा राष्ट्रभक्तले अर्को राष्ट्रभक्तलाई सम्मान नगरेको इतिहास यो दुनियाँमा छैन । एउटा देशका देशभक्तहरूको सबैभन्दा बढी सम्मान अर्को देशको देशभक्तले नै गर्दछ ।

# विकासका लागि समय सपेक्ष परिवर्तन आवश्यक : मन्त्री यादव

इमरान खान/मध्यान्ह
कपिलवस्तु, १४ कात्तिक



जनता समाजवादी पार्टी नेपालले कपिलवस्तुको यशोधार गाउँपालिकामा स्वागत, सम्मान तथा पार्टी प्रवेश कार्यक्रम सम्पन्न गरेको छ। जनता समाजवादी पार्टी यशोधरा गाउँपालिकाका अध्यक्ष राम लखन जयसवाल र वडा नं. २ का जसपा वडा कमिटीका अध्यक्ष उद्धव चौधरीले जसपा नेपाल लुम्बिनी प्रदेशको संसदीय दलका नेता एवं लुम्बिनी प्रदेशका भौतिक तथा पूर्वाधार विकास मन्त्री सहसराम यादव र लुम्बिनी प्रदेशका कृषि खाद्य तथा भूमि व्यवस्थामन्त्री सुमान शर्मा रायमझीलाई टीका माला लगाई स्वागत गरेका थिए ।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै जनता समाजवादी पार्टी नेपाल कपिलवस्तु यशोधार गाउँपालिकाका अध्यक्ष जयसवालले बेमौसमी वर्षाले भएको धानबालीको क्षतिको छिटो क्षतिपूर्ति उपालब्ध गराउन र आगामी दिनमा लगाउने गहुँ, तोरी, तरकारीलगायत बालीनालीका लागि समयमा मलखाद्य उपलब्ध गराउन माग गरे ।

अध्यक्ष जयसवालले यशोधार गाउँपालिकाभित्र काखापाखाको काम भइरहेको आरोप लगाए । गारिब, दालित पिछडिएका वर्गलाई नदेखेको र गाउँपालिकाभित्र आफ्नो कार्यकर्ता पाल्ने कार्य भएको जयसवालले बताए। आगामी दिनहरुमा लोभ लालचका चंगुलमा नफसेर प्रतिनिधि चुन्न अग्रह गरेका थिए ।

स्वागत तथा सम्मन कार्यक्रममा यशोधार गाउँपालिका भित्रका नेपाली कांग्रेस, नेकपा एमाले लगायत विभिन्न पार्टी परित्याग गरी २ सय भन्दा बढी नेता कार्यकर्ता जनता समाजवादी पार्टीमा प्रवेश गरेका थिए। जसपामा नवप्रवेशीलाई लुम्बिनी प्रदेश नेपालको संसदीय दलका नेता एवं लुम्बिनी प्रदेशका भौतिक तथा पुर्वाधार विकासमन्त्री सहसराम यादव र लुम्बिनी प्रदेशका कृषि खाद्य तथा भूमि व्यवस्था मन्त्री सुमन शर्मा रायमझीले टीका, माला, दोसल्ला उढाइ प्रवेश गराएका थिए । जसपा लुम्बिनी प्रदेश नेपालका संसदीय दलका नेता एवं लुम्बिनी प्रदेशका भौतिक तथा पूर्वाधार विकास मन्त्री सहसराम यादवले विकासका लागि समय सपेक्ष परिवर्तन हुन जरुरी रहेको बताए । यशोधार गाउँपालिकामा अब हजुरबुवाको पालादेखि चालिअएको नेपाली कांग्रेसप्रतिको रुढिवादी परम्परा तोढ्न सबैलाई आग्रह गरे। उनले विकासका लागि सबै जना एक जुट भएर अगाडि बढ्न अग्रह गरे ।

'प्रदेशबाट कपिलवस्तुको विकासका लागि धेरै विकास कार्य अगाडि बढेको तर कांग्रेस, कम्युनिष्ट लगायतले मेरो पहलमा भइरहेको बताउँदै छन् भनेर सुनेको छु तर पहिला पनि उहाँहरुको सरकार थियो। तर किन विकास नभएको ?,' मन्त्री यादवले प्रश्न पनि गरे । उनले कपिलवस्तुको विकासका लागि प्रदेश सरकारले विभिन्न क्षेत्रमा बजेट विनियोजन गरेको पनि दाबी गरे । जिल्लाको सडक पूर्वाधारको विकाससँगै भौतिक क्षेत्रमा यसपटक राम्रो बजेट विनियोजन भएको भन्दै उनले आफुहरु जनताको हित हुने गरी काम गर्ने पनि प्रतिवद्धता व्यक्त गरे। आगामी दिनहरुमा हुने चुनावमा यशोधार गाउँपालिका सबै ठाउँमा जित्ने आफु आशावादी रहेको यादवले बताए ।

लुम्बिनी प्रदेशका कृषि खाद्य तथा भुमि व्यवस्था मन्त्री सुमन शर्मा रायमाझीले बेमौसमी वर्षाले लुम्बिनी प्रदेशमा धानबालीमा सबैभन्दा धेरै क्षति भएको बताउँदै कृषकलाई राहत दिने प्रतिबद्धता व्यक्त गरिन् । लुम्बिनी प्रदेश कृषकलाई राहत लिएर छिट्टै आउने उनले बताइन् ।

आगामी दिनमा लगाउने गहुँबाली, तोरी, तरकारी बाली लगायतका लागि केन्द्र सरकारसँग समयमा मल उपलब्ध गराउन पहल गरिसकेको कृषि मन्त्री रायमझीले सबैलाई जानकारी दिइन्। आउने दिनहरुमा मलको अभाव नहुनेमा आफु विश्वस्त रहेको उनको भनाइ थियो ।

जनता समाजवादी पार्टी नेपाल कपिलवस्तु जिल्ला अध्यक्ष शैलेन्द्र कुमार यादवले कांग्रेस, कम्युनिष्टले सबैको साथ आफ्नो विकासतिर अग्रसर रहेको आरोप लगाएका थिए। कांग्रेस, कम्युनिष्ट पार्टीले मधेशी, आदिवासी, जनजाती, मुस्लिम, पिछडा वर्ग लगायतका हकअधिकारको सँधै पछाडि धकेलेको बताए । सबैको हकअधिकारको लडाईं लड्ने एकमात्र पार्टी जसपा नेपाल रहेको अध्यक्ष यादवले बताए। जसपा नेपाल सबैको साथ सबैको विकास चाहने पार्टी भएकोले यशोधरा गाउँपालिका भित्र जसपा नेपाल जितेमा गाउँपालिकाले विकासमा फड्को मार्ने उनले प्रतिबद्धता समेत व्यक्त गरेका थिए। जसपा नेपालका केन्द्रीय सदस्य राम नेवस यादवले यशोधार गाउँपालिकाको विकास गर्न जसपा नेपाल एक मात्र पार्टी रहेको बताएका थिए ।

जसपा नेपाल पार्टी एक वैकल्पिक शक्ति रहेको बताउँदै उनले परिवर्तनका लागि जसपा नेपाललाई आगामी दिनमा जिताउन सबैलाई आग्रह गरे ।

यशोधरा गाउँपालिकामा पहिल्यैदेखि चलिआएको नेपाली कांग्रेस पार्टीप्रतिको रुढिबादी सोचलाई २१ औं शताब्दीमा मान्नु दु:खको कुरा भएको उनले बताए ।

मायादेवी गाउँपालिका अध्यक्ष तथा जसपा प्रदेश सदस्य बजरंगी चौधरीले विकासका लागि अब विगतमा जितेका प्रतिनिधिसँग प्रश्न गर्ने र समिक्षा गर्ने समय आएको बताए। विगतमा आफुले चुनेको जनप्रतिनिधिले के कति काम गरेका छन् त्यसको समीक्षा गर्न चौधारीले सबैसँग आग्रह गरे ।

यशोधार गाउँपालिकाको विकासका लागि विगतको समीक्षा गरेर जसपा नेपाललाई जिताउन उनले आग्रह गरे । कार्यक्रम यशोधार गाउँपालिका वडा नं. २ जनता समाजवादी पार्टी नेपाल वडा कमिटी अध्यक्ष उद्धव चौधरीको अध्यक्षता, लुम्बिनी प्रदेशका भौतिक तथा पूर्वाधार विकास मन्त्री यादवको प्रमुख आतिथ्यता र लुम्बिनी प्रदेशका कृषि खाद्य तथा भूमि व्यवस्था मन्त्री सुमन शर्मा रायमझीको विशिष्ट आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो ।

# स्वास्थ्य चौकीबाट ५० शय्याको भालुबाङ अस्पताल

टेकबहादुर पुन/मध्यान्ह
दाङ, १४ कात्तिक



दाङको भालुबाङमा प्रस्तावित ५० शय्याको अस्पताल सेवा शुभारम्भ गरिएको छ। सामान्य उपचार मात्र हुने स्वास्थ्य चौकी लालमटियालाई स्तरवृद्धि गरी भालुबाङ अस्पतालमा परिणत गरिएको हो ।

तत्कालका लागि डिजिटल एक्सरे सेवासहित १५ शय्याको अस्पताल सेवा शुरु गरिएको हो। शुक्रबार लुम्बिनी प्रदेशका स्वास्थ्य जनसँख्या तथा परिवार कल्याण मन्त्री इन्द्रजित थारुले अस्पतालको शुभारम्भ गरे ।

अस्पताल निर्माणका लागि लुम्बिनी प्रदेश सरकारले चालू आर्थिक वर्षमा १ करोड बजेट विनियोजन गरेको छ । यो बजेटले विस्तृत योजना निर्माणदेखि जग्गा प्राप्तिका सबै प्रक्रिया पूरा गरिने जनाइएको छ। भालुबाङ अस्पतालमा अब अस्पताल सरहको जनशक्ति र उपचार उपकरण थप्दै लगिने डाक्टर पुष्प भुषालले मध्यान्हलाई बताए ।

उनले विशेषज्ञसहितको जनशक्ति र उपकरणले बिरामीको सेवामा थप सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

अस्पतालबाट निकट भविष्यमै शल्यक्रिया सेवा शुरु गर्ने योजना रहेको छ। देउखुरीमा भरपर्दो स्वास्थ्य उपचारको लागि अस्पताल छैन । सामान्य शल्यक्रियाको लागि पनि जिल्ला बाहिर जानुपर्ने बाध्यता भने अब हट्ने विश्वास गरिएको छ। अस्पतालमा एकजना मेडिकल सुपरिटेण्डेन्टसहितको जनशक्ति रहने डाक्टर भुषालले बताए ।

विशेषज्ञ उपचार सेवा र शल्यक्रिया सेवा प्रदान गर्ने योजनासँगै स्थानीयमा खुसी छाएको छ। सामान्य खोप र सिटामोल पाइने स्वास्थ्य चौकी अस्पतालमा परिणत भएको देख्दा स्थानीय कुवाँरी देवी गोराथोकीको मनमा हर्षले सिमा नाघेको छ। 'हेर्दाहेर्दै हाम्रो ठाउँमा अस्पताल बन्यो, पहिले अस्पतालकै निम्ति धेरै दु:ख पाइयो,' गोराथोकिले भनिन्, 'अब भने समय र पैसाको बचतसँगै आफ्नै ठाउँमा उपचार पाइने भइयो ।' लुम्बिनी प्रदेशको राजधानी भालुबाङमा अवस्थित यस असपतालबाट दाङ, प्युठान, अर्घाखाँची लगायतका जिल्लाका बिरामीहरुले सेवा लिन सक्नेछन्। प्रदेश सरकारको योजना अनुरुप यस अस्पतालको स्तरवृद्धि हुँदै पर्याप्त चिकित्सक दरबन्दी ल्याउन सके पुर्व पश्चिम राजमार्गमा दैनिक दुर्घटनाबाट हुने घाइतेका लागि पनि तत्काल उपचारको सम्भव देखिन्छ ।


## ओमानमा वैदेशिक रोजगारको अवसर

कम्पनी: JUWEIRA INVESTMENT LLC | शहर: AL SEEB

पूर्व स्वीकृत मितिः २०७८/०५/२३ | चलानी नं.: ६०१६२६३० | LT. No.: 245224 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Arabic Food Cook | 1 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ४६,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Grilled Fish Maker | 1 | 0 | | 150 | ४६,६९० | | | | | | | |

# भारतमा दैनिक संक्रमितको संख्या घट्यो



**काठमाडौं/एजेन्सी–** भारतमा कोरोनाभाइरसबाट दैनिक संक्रमितहरुको संख्या फेरि घटेको छ। पछिल्लो २४ घण्टामा १२ हजार ८३० जना मात्रै नयाँ संक्रमित भएका केन्द्रीय स्वास्थ्य मन्त्रालयले आइतबार जानकारी दिएको छ। यस अवधीमा कोरोना संक्रमणको कारण ४४६ जनाको मृत्यु भएको छ। भारतमा शनिबार भएको संक्रमित मध्ये ७ हजार ४२७ जना केरला राज्यमा रहेका थिए। कोरोना संक्रमणको कारण ४४६ जनाको मृत्यु भएकोमा ६२ जना केरला राज्यमा रहेका थिए।

यसअघि झण्डै १६ हजारको हाराहारीमा दैनिक संक्रमित हुने गरेकोमा अहिले करिब १३ हजारमा घटेको देखिएको हो। भारतमा अहिले एक लाख ५९ हजार २७२ जना सक्रिय संक्रमित रहेका मन्त्रालयले आइतबार जनाएको छ। यो संख्या २४७ दिनपछिकै सवैभन्दा कम रहेको पनि अधिकारीहरुले जनाएका छन्। भारतमा अहिले सक्रिय अवस्थामै रहेकाहरुको संख्या कूल संक्रमितहरुको संख्याको ०।४६ प्रतिशत मात्रै हो।

शनिबार भारतमा १४ हजार ६६७ जना कोरोना संक्रमण मुक्त भएका छन्। यससँगै कोरोना शुरु भएबाट हालसम्म तीन करोड ३६ हजार ५५ हजार ८४२ जना कोरोना मुक्त भएका छन्। मन्त्रालयका अनुसार कुल संक्रमित मध्ये ९८।२० प्रतिशत संक्रमित संक्रमणमुक्त भएका छन्। भारतमा कोरोना भाइरसको परिक्षण ६० करोड ८३ लाख भन्दा बढी भएको छ।

त्यहाँ गत जनवरीको १६ बाट कोरोनाविरुद्धको खोप अभियान शुरु भएको थियो। सो समयबाट हालसम्म १ अर्व भन्दा बढी डोज खोप लगाइएको छ।

# बग्दादमा ३ वटा रकेट अवतरण

**काठमाडौं/एजेन्सी–** इराकको राजधानी बग्दादको पश्चिमी भागमा आइतबार तीनवटा कात्युशा रकेटहरू अवतरण गरिएका छन्। त्यहाँको आन्तरिक मन्त्रालयसँगको समन्वयमा प्रहरी स्रोतले जनाएअनुसार त्यसबाट कुनै मानवीय क्षति भने भएको छैन। बिहान सबेरै रकेटहरू अलमन्सूर नजिक अवतरण गरिएका थिए। स्रोतले सिन्ह्वालाई जनाएअनुसार उक्त रकेटहरू मध्ये एउटा रेड क्रिसेन्ट अस्पताल नजिक, अर्को अल-जैटौन स्ट्रीट नजिक र तेस्रो अल-अमिरात स्ट्रीटको एक निजी बैंक बाहिर अवतरण भएका थिए।

यस आक्रमणबाट कुनै मानवीय क्षति नभए पनि नजिकका भवनहरू र कारहरूमा केही क्षति पुगेको स्रोतले बताएको छ। रकेटहरूले स्पष्ट रूपमा अमेरिकी दूतावास नजिक ग्रीन जोनलाई निशाना बनाएका थिए तर त्यसले लक्ष्य ठम्याउँन भने असफल भएको छ।

# तालिबानका सर्वोच्च नेता पहिलो पटक सार्वजनिक

**काठमाडौं/एजेन्सी–** तालिबानका सर्वोच्च नेता हैबतुल्लाह अखुन्दजादा पहिलो पटक सार्वजनिक रुपमा देखा परेका अधिकारीहरूले आइतवार घोषणा गरेका छन्। उनले अफगानिस्तानको दक्षिण भागमा पर्ने कान्दाहार प्रान्तमा समर्थकहरुलाई सम्बोधन गरेका थिए।

अखुन्दजादा सन् २०१६ देखि इस्लामवादी आन्दोलनको प्रमुख रहदै आएका थिए। तर अगस्टमा उनको समूहले अफगानिस्तानमा सत्ता कब्जा गरेपछि पनि उनी सवार्वजनिक रुपमा देखा परेका थिएनन्। तालिबान सरकारमा उनको भूमिकाको बारेमा अनुमान लगाइएको छ। यद्यपि उनको मृत्युको अफवाह पनि फैलिएको थियो। तालिबान अधिकारीहरुका अनुसार शनिबार उनले दारुल उलूम हकिमाह मदरसाको भ्रमण गर्दै आफ्ना लडाकू चेलाहरुसँग कुरा गरेका तालिबान अधिकारीहरूले बताएका थिए।

सन् २०१६ मा अमेरिकी ड्रोन हमलामा परी तालिबानका प्रमुख नेता मुल्लाह अख्तर मन्सुर मारिएपछि अखुन्दजादालाई सत्ताको द्रुत संक्रमणकालमा तालिबानको नेता नियुक्त गरिएको थियो।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## भेरी अस्पताल

नेपालगञ्ज, बाँके

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मितिः २०७८/०७/ १५गते)

यस अस्पतालबाट मिति २०७८/०५/०८ गतेको प्रकाशित ठेक्का सूचना (E–BIDDING) बमोजिम अस्पतालका लागी आवश्यक बिभिन्न प्रकारका औषधी, सर्जिकल सामाग्रीहरु र ल्याब सामाग्रीहरु सप्लाईको लागि पर्न आएका बोलपत्रहरुको मिति २०७८/०७/१४ को निर्णय बमोजिम तपसिलमा उल्लेखित बोलपत्रदाताहरु सारभूत रुपमा प्रभावग्राही भई स्वीकृती भई सकेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

तपशिलः

मेडिसिन तर्फः (सूचना नम्बर BH/MED/05/078/79)

| सि.नं. | बोलपत्रदाता फर्मको नाम | कबोल अंक (मु.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|
| 1. | Medigold International Pvt.ltd., Bhaktapur | 1204600.00 | |
| 2. | Unique Pharma, Nepalgunj | 403194.00 | |
| 3. | Ayush and Ashish Medicine Distributors, Nepalgunj | 222800.00 | |
| 4. | Sirjana Medicine Suppliers, Nepalgunj | 1232285.00 | |
| 5. | Sanjibani Surgicare Pvt. Ltd., Kathmandu | 346395.00 | |

सर्जिकल तर्फः (सूचना नम्बर BH/SURG/06/078/79)

| सि.नं. | बोलपत्रदाता फर्मको नाम | कबोल अंक (मु.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|
| 1. | Allied Pathochem and Surgicals, Nepalgunj | 1148825.50 | |
| 2. | Shivaz Medicine Concern, Nepalgunj | 1151700.00 | |
| 3. | Dipesh Enterprises, Kathmandu | 1701000.00 | |
| 4. | Medigold International Pvt.ltd., Bhaktapur | 1478100.00 | |
| 5. | Dispovan Syringe and Medical Devices, Kathmandu | 5392550.00 | |

ल्याब तर्फकोः (सूचना नम्बर BH/LABS/07/078/79)

| सि.नं. | बोलपत्रदाता फर्मको नाम | कबोल अंक (मु.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|
| 1. | Global Scientific Corporation, Nepalgunj | 1080375.00 | |
| 2. | Milan Trade House, Lalitpur | 63100.00 | |
| 3. | Q International, Nepalgunj | 990800.00 | |
| 4. | Everest Medico Pharma, Dang | 476000.00 | |
| 5. | Dispovan Syringe and Medical Devices, Kathmandu | 267750.00 | |

प्रमुख मेडिकल सुपरिटेन्डेन्ट


## साउदीमा रोजगार | १. कम्पनीः BUILDING CONSTRUCTION CO. LTD.

शहर : DAMMAM

पूर्व स्वीकृत मितिः २०७८/०७/१२ चलानी नं.: ६०१६६५९९ L.T. No.: 249327

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः BUILDING CONSTRUCTION CO. LTD. शहर :DAMMAM

पूर्व स्वीकृत मितिः २०७८/०७/१२ चलानी नं.: ६०१६६६०१ L.T. No.: 249329

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Vehicle Driver | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५७,३८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 5 | 0 | | 1800 | ५७,३८४ | | | | | | | |

३. कम्पनीः BUILDING CONSTRUCTION CO. LTD. शहर :DAMMAM

पूर्व स्वीकृत मितिः २०७८/०७/१२ चलानी नं.: ६०१६६६९८ L.T. No.: 249326

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 5 | 0 | स. काममा दक्ष | 1000 | ३१,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनीः BUILDING CONSTRUCTION CO. LTD. शहर :DAMMAM

पूर्व स्वीकृत मितिः २०७८/०७/१२ चलानी नं.: ६०१६६६०० L.T. No.: 249326

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक २२ गते (8 November 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई ननदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

## रोलेक्स रिक्रुटमेन्ट एजेन्सी प्रा. लि.

पो.ब.नं. २१५७९,महाराजगंज, काठमाडौं। फोनः ४७२१११४, ४७२०५४२, फ्याक्सः ४२२११२८
Email:- rolex.nepal@gmail.com
श्रम इजाजत नं. ५२१/०६१/०६२

## कतारमा रोजगार | १. कम्पनी : HIGA WAVE TRADING CONTRACTING

शहरः QATAR

पूर्व स्वीकृत मितिः २०७८/०६/१३ चलानी नं.: ६०१६४३७४ LT. No.: 246979 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 1400 | ४५,९४८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक २२ गते (8 November 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई ननदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

## AAROHAN HUMAN RESOURCE PVT. LTD.

Battisputali, 09. Kathmandu ,Nepal. Tel.: +977-14465606,
Email : contact@arohanhr.com
Lic No.: 1428/074/75

## कुवेतमा रोजगार | १. कम्पनीः VENTURE FOODS RESTAURANT MANAGEMENT CO.W.L.L

शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०७८/०७/१४ चलानी नं.: ६०१६६६०६ LT. No.: 249500

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 21 | 0 | स. काममा दक्ष | 90 | ३५,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक २२ गते (8 November 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई ननदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

## निलकमल ह्युमन रिसोर्स प्रा. लि.

सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल
फोनः ४११२७१३, ४११२७१४, मो.: 9818394474, 9802099411
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com
Gov. lic. No. 793/065/66

# क्स अफिस समाचार



मिस युनिभर्स नेपाल २०२१ को उपाधि सुजिता बस्नेतले जितेकी छिन् । शनिबार साँझ काठमाण्डौंस्थित होटल याक एन्ड यतिमा आयोजित ग्रान्ड फिनालेमा १५ प्रतियोगीहरुलाई पछि पार्दै बस्नेत ताज पहिरिन सफल भएकी हुन् ।

दुई वटा सवटाईटल समेत जितेकी उनले १० लाख रुपैयाँ नगदसहित हिरा जडित ताज पहिरिन सफल भइन् । गत वर्षकी मिस युनिभर्स नेपाल विजेता आंशिका शर्माले उनलाई ताज पहिऱ्याएकी हुन् । उत्कृष्ट १६, १० बाट ५ हुँदै अन्तमा विजेता घोषणा गरिएको उक्त कार्यक्रम उमङ्ग क्रियसनको आयोजना र प्रशोधन कम्पनी ओरिफ्लेम मुख्य प्रायोजक रहेको थियो । सो प्रतियोगितामा निनाकान्ता मण्डल पहिलो रनरअप, रक्षा उप्रेती दोस्रो रनरअप, प्रतिक्षा महरा क्षेत्री तेस्रो रनरअप र डा.केशु खड्का चौथो रनरअप बनेकी छिन् ।

उक्त कार्यक्रममा विजेता बनेकी बस्नेत आगामी १२ डिसेम्बरमा इजरायलमा आयोजना हुने विश्व चर्चित अन्तर्राष्ट्रिय सौदर्य प्रतियोगिता मिस युनिभर्समा नेपालको तर्फबाट प्रतिनिधित्व गर्ने छिन् । विभिन्न उप शीर्षकमा विजेता समेत छानिएका प्रतियोगीहरुको निर्णायक भूमिकामा गायिका इन्दिरा जोशी, मानसी अग्रवाल र सरिता ज्ञावली रहेका थिए ।

## सुजिता बनिन् मिस युनिभर्स नेपाल

## वर्षाको मारुनी नाच



**काठमाडौं/मस–** कैलाश राई निर्देशित फिल्म ‘मनसँग मन’को दोस्रो गीत सार्वजनिक भएको छ । निर्माण टिमले शुक्रबार साँझ फिल्ममा समावेश ‘टपक्कै सयपत्रि’ बोलको मारुनी गीत सार्वजनिक गरेको हो । गीतमा भावना थापाको स्वर र अमोङ गुरुङको शब्द तथा संगीत छ । कमल राईको कोरियोग्राफी रहेको गीतको भिडियोमा अभिनेत्री वर्षा सिवाकोटीले मारुनी नाचमा कम्मर मर्काएकी छन् ।

गीतमा मारुनी नाचको माध्यमबाट तिहारको महत्त्वलाई पनि झल्काइएको छ । नेपाली फिल्ममा मारुनी नाचलाई प्राथमिकता दिएको कमै पाइन्छ । यो फिल्ममा वर्षासँगै पुष्प खड्का, बुद्धि तामाङ, रविन्द्र झा, चाँदनी प्रधान, महेन्द्र बागदास, शन्ते दाल लगायतको पनि अभिनय छ । ‘चालबाज’ नाममा छायांकन भएको फिल्मको पछि नाम परिवर्तन गरेर ‘मनसँग मन’ राखिएको हो ।

यो फिल्म कोरोना महामारीका कारण प्रदर्शनमा आउन सकेको छैन । गत चैत २७ गतेलाई फिल्मको प्रदर्शन घोषणा गरिएको भए पनि कोरोना महामारीको दोस्रो लहर सुरु भएपछि निर्माण टिमले प्रदर्शन मिति स्थगन गरेको थियो । अब फिल्म कहिले प्रदर्शनमा आउँछ, टुंगो छैन । फिल्ममा अर्जुन जिसीको सम्पादन, रामजी लामिछानेको कोरियोग्राफी र सन्तोष खवासको द्वन्द्व निर्देशन छ ।

सौरभ इन्टरनेन्मेन्ट र बलाली प्रोडक्शनको ब्यानरमा अरुण तामाङले निर्माण गरेको फिल्मको कथा र पटकथा निर्देशक राईले तयार पारेका हुन् भने द्वन्द्व निर्देशन सन्तोष खवासको छ । सस्पेन्स लभस्टोरी कथामा निर्माण भएको फिल्मको अधिकांश छायांकन दार्जिलिङ आसपासमा भएको हो । पहिलो पटक ठूलो पर्दामा स्क्रिन शेयर गरेका पुष्प र वर्षा फिल्मलाई लिएर उत्साहित छन् ।

## ‘उचाई’ टिम छायांकन सकेर भारत फर्कियो

**काठमाडौं/मस–** बलिउड चलचित्र ‘उचाई’को नेपालमा छायांकन सकिएको छ । नेपालमा २५ दिन यसको छायांकन गरिएको थियो । दुई दिन काठमाडौँ र बाँकी समय हिमाली जिल्लामा छायांकन यो चलचित्र २८ अक्टोबरमा नेपालको कार्यतालिका पूरा गरेको हो । खोटाङको नाम्चेदेखि मनाङको विभिन्न ठाउँमा छायांकन गरिएको यस चलचित्रको शुक्रबार पहिलो तालिका अन्तर्गतको छायांकन सकिएको र दोस्रोका लागि भारतका विभिन्न स्थानमा छायांक नहुने राजश्री प्रोडक्सनले जनाएको छ ।

सुरज वाडजात्याद्वारा निर्देशित चलचित्रमा अनुपम खेर, वमन इरानी, निना गुप्ता, सारिका हसन, परिणिती चोपडालगायत कलाकार सहभागी थिए । चलचित्रमा अमिताभ बच्चन भए पनि स्वास्थ्यका कारण उनी नेपाल आउन नसकेपछि उनको बडी डबललाई राखेर छायांकन गरिएको थियो ।

चलचित्र निर्माण टोलीका केही सदस्य अहिले पनि मनाङमै छन् भने केही काठमाडौँ फर्किसकेका छन् । चलचित्रको मुख्य टोली शनिबार एयर इण्डियाको विमानमार्फत भारत फर्किएका छन् ।

यो बलिउड टिमसँग नेपाली टिम पनि जोडिएको छ । नेपाली कलाकार हरुमा अभिनेत्री परमिता आर एल राणा, डम्मर बोहोरा, उरुषा जोशी, सरोज लामिछाने, रमेश बज्राचार्य, तेन्जिङ ग्याचो शेर्पा, निरज मुक्तान, नारायण विश्वकर्मा, आयुषा सुवेदी, स्नेहा अधिकारी सरोज पर्जु, केश नन्दु सिंह (सिद्धार्थ) र आरोन गुरुङ छन् । उनीहरू पनि छायांकनका लागि ६ तारिखमा नै टिमसँग जोडिइसकेका छन् । चलचित्र ‘उचाइ’ मित्रता अनि यात्राको कथा हो । थ्रि ह्विल्सका न्यौपानेका अनुसार चलचित्रको कथा दुई मित्रहरुको साहसिक यात्रा हो । नेपाली मूलका अभिनेता ड्यानी डेन्जोङ्पा चलचित्रमा पनि नेपालमै जन्मिएका हुन्छन् । ठूलो भएपछि उनी भारतको दिल्लीमा बसाइ सरेर जान्छन् । जहाँ ड्यानीको भेट अभिनेता अनुपम खेर, बोमन इरानी, अमिताभ बच्चन, परिणितीसँग हुन्छ र उनीहरुबीच मित्रता हुन्छ । ड्यानीको आफ्ना भारतीय साथीहरुलाई सगरमाथालगायत नेपालको सुन्दर हिमाली भेगमा साहसिक यात्रामा ल्याउने इच्छाअनुरुप भारतीय टिमहरु नेपाल आउँछन् ।

## इस्मा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**इस्मा रजस्थल,गुल्मी**
**लुम्बिनी प्रदेश, नेपाल**

### सेनेटरी प्याड खरीद सम्बन्धी बोलपत्र आह्वानको सूचना

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०७८/०७/१५)**

यस गाँउपालिका अन्तर्गतका विद्यालयहरुमा अध्ययनरत छात्राहरुका लागि आवश्यक सेनेटरी प्याड खरिद गर्न सो सम्बन्धी कार्य गर्न मान्यता प्राप्त फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको बोलपत्र आह्वान गरिएको छ ।

**शर्तहरुः**

१) यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस गाँउपालिका गुल्मीबाट बोलपत्र फारमका लागि तपशिलमा उल्लेखित बोलपत्र खरिद दस्तुर बुझाई (पछि फिर्ता नहुने गरी) बोलपत्र खरिद गर्न चालु आ.व. को नबिकरण गरिएको व्यवसायी दर्ता इजाज़तपत्र, स्थायी लेखा नम्बर प्रमाण पत्र तथा आ.व. २०७७/७८ को करचुक्ता प्रमाणपत्रको सक्कलै स्क्यान वा नोटरीद्वारा प्रमाणित प्रतिलिपी पेश गरी PPMO को वेबसाइट www.bolpatra.gov.np/egp बाट प्रकृया पुर्याई e Bidding गर्न सकिने छ ।

२) e Bidding का लागि बैंक अफ काठमांडू लि. इस्मा शाखामा इस्मा गाँउपालिकाको स्थानीय तह आन्तरिक राजस्व खाता नं. १८१००००३५१५२४ मा नगदै जम्मा गरेको सक्कल भौचर स्क्यान ग़री राख्नुपर्नेछ र बोलपत्र विधुतीय प्रणालीबाट मात्र खरिद गर्नुपर्नेछ ।

३) विधुतीय प्रणालीबाट मात्र खरिद भएका बोलपत्रहरु यो सूचना प्रकाशन भएको मितिले १६ औ दिनको १२ बजे भित्र यस कार्यालयको नाममा संबोधन गरी कामको बिवरण, बोलपत्रदाताको नाम,ठेगाना र फोन नं समेत स्पस्ट खुलाई आधिकारिक सही र फर्मको छाप उल्लेखित वेबसाइटमा मात्र दर्ता गर्नुपर्नेछ ।

४) विधुतीय खरिद प्रणालीबाट मात्र दर्ता भएका बोलपत्रहरु सोही दिनको २ बजे बोलपत्र दाता वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । तोकिएको समयमा फर्मको वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्नेछैन ।

५) कालो सूचीमा नपरेको स्वंय घोषणापत्र बोलपत्र साथ अनिवार्य पेश गर्नु पर्नेछ ।

६) तपसिल उल्लेखितमा धरौटी बापतको रकम यस कार्यालयको नाममा रहेको श्री बैंक अफ काठमांडू लि. इस्मा शाखाको धरौटी खाता १८१००००००५४५२४ मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकले गरेको ग्यारेन्टी (विड वण्ड) संग्लन हुनु पर्ने छ ।

७) कवोल अंकको दररेट अंक र अक्षरमा स्पस्ट उल्लेख गर्नु पर्नेछ . केरमेट भएमा केरमेट भएको स्थानमा सही छाप गर्नु पर्नेछ । दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएको लाई मान्यता दिईनेछ ।

८) आपूर्ति हुने सेनेटरी प्याडको प्रत्येक प्याकेटमा प्याकेङको बाहिर उत्पादन मिति, Expiry Date, ब्याच नं उल्लेख भएको हुनु पर्नेछ । सेनेटरी प्याडको Expiry Date इस्मा गाँउपालिकामा दाखिला हुने कम्तिमा १८ महिना बाँकी रहेको हुनु पर्नेछ । सेनेटरी प्याडको Expiry Date १८ महिना भन्दा कम हुने भएमा Expiry Date को ७५ प्रतिशत म्याद बाँकी रहेको हुनु पर्नेछ ।

९) आपूर्ति गरिने सेनेटरी प्याडको गुणस्तर सेनेटरी प्याड(बितरण तथा व्यबस्थापन) कार्यबिधि २०७६ को अनुसूची १ अनुसार हुनुपर्नेछ ।

१०) एक फर्मको नाममा खरिद गरिएको बोलपत्र फारम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

११) बोलपत्र पूर्ण वा आंशिकरुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

१२) अन्य कुराहरु सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिम हुनेछ । अन्य कुराहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

१३) थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ साथै यो सूचना यस गाँउपालिकाको वेभसाइट www.ismamun.gov.np बाट समेत डाउनलोड गरी हेर्न सकिनेछ ।

| बोलपत्र नं. | विवरण | लागत इ. (मु.अ.क. बाहेक) | धरौटी रकम | बोलपत्र खरिद रकम |
|---|---|---|---|---|
| OIRM/GUL/SQ//078/79-08 | Supply & Delivery of Sanitary Pad | 1059424.27 | 35,000 | 1000 |

**प्रमुख प्रशासकिय अधिकृत**


## कतारमा रोजगार

१. कम्पनी : MAXIM FOR TRADING & CONTRACTING — शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७८/०५/०२ चलानी नं.: ६०१६१५८५ L.T. No.: 244008 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 1400 | ४५,९४८ | | | | | | | |

२. कम्पनी : MARWA INERNATIONAL PURE MINERAL DRINKING WATER CO — शहर : QATAR

पूर्व स्वीकृत मितिः २०७८/०६/२४ चलानी नं.: ६०१६५२१७ L.T. No.: 248249 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Storekeeper | 1 | 0 | | 2000 | ६५,६४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक २२ गते (8 November 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १०७७/०७३/०७४

**Mac International Manpower Pvt. Ltd.**
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal
Tel-: +977-1- 4489970, 4489920, Email: macintlmanpower@gmail.com
Website : www.macintlmanpower.com



## साउदीमा रोजगार

१. कम्पनी : BANDAR H AL SEAMAEIL GENERAL CONTRACTING EST — शहर : SAUDI

पुर्व स्वीकृत मितिः २०७७/१२/३० चलानी नं.: ६०१५७१९० LT. No.: 239009 पून बिज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 9 | 0 | स. काममा दक्ष | 1000 | ३१,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : AL ASALA AL JADEED SPARE PARTS EST. — शहर : ABHA

पुर्व स्वीकृत मितिः २०७८/०७/०२ चलानी नं.: ६०१५५५६५ LT. No.: 248803 पून बिज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ३८,२३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: Tameer Hajar Contracting Est — शहर: DAMMAM

पुर्व स्वीकृत मितिः २०७८/०७/०४ चलानी नं.: ६०१६५७९४ LT. No.: 248309 पून बिज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building carpenter assistant | 12 | 0 | स. काममा दक्ष | 1200 | ३८,२३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: TIME DEMAND COMPANY FOR OPERATION AND MAINTENANCE — शहर: RIYADH

पुर्व स्वीकृत मितिः २०७८/०७/१४ चलानी नं.: ६०१६६६३७ LT. No.: 249584

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 50 | 0 | स. काममा दक्ष | 1000 | ३१,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी: AL-BUNYAN SPECIALIZED CONTRACTING EST — शहर: RIYADH

पुर्व स्वीकृत मितिः २०७८/०७/१४ चलानी नं.: ६०१६६६३६ LT. No.: 249583

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Paint Building | 3 | 0 | | 1400 | ४४,६०४ | | | | | | | |
| 3. | Plasterer/melissa | 5 | 0 | | 1400 | ४४,६०४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक २२ गते (8 November 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | क.नं. १ नि:शुल्क अन्यको रु. १००००।– |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम ईजाजत पत्र नं. १७२/०५६/५७

**Work Force Services Pvt. Ltd.**
Sinamangal-9, Airport, Kathmandu, Nepal
Tel.: +977-1-4469912, 4469913, 4469914, Fax : +977-1-4469915
E-mail : info@workforce.com.np, Website: www.workforce.com.np

**आवश्यकता:** यस कम्पनीको लागि Manager-1, Office Secretary-1 र Public Relation Officer (PR) - 1, आवश्यक भएकोले ईच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।
Note: Minimum experience 5/6 years in Manpower Field.



माला तयार गर्दै

पाल्पाको रामपुर नगरपालिका-४ स्थित देवीस्थानमा तिहारलाई सयपत्री फूलको माला तयार गर्दै युवा उद्यमी दिलबहादुर थापालगायत । तस्विर ? सुशीला रेग्मी/रासस

# राष्ट्र बैंकद्वारा पुनर्कर्जाका लागि आवेदन माग

**सागर तिमल्सिना/मध्यान्ह**
काठमाडौं, १४ कात्तिक

नेपाल राष्ट्र बैंकले यस वर्षपनि कोभिड-१९ बाट अति प्रभावित तथा मध्यम प्रभावित क्षेत्रलाई पुनरकर्जा उपलब्ध गराउने भएको छ । बैंकले आइतबार सूचना जारी गरी बैंक तथा वित्तीय संस्थाहरुलाई एकमुष्ट रुपमा प्रदान हुने लघु, घरेलु तथा साना उद्यम पुनरकर्जा, साधारण पुनरकर्जा तथा विशेष पुनरकर्जाका लागि आवेदन दिन आग्रह गरेको हो ।

'नेपाल राष्ट्र बैंक पुनरकर्जा कार्यविधि, २०७७ (तेस्रो संशोधन सहित)'को बुँदा नं. ९ (१)बमोजिम एकमुष्ट रुपमा प्रदान हुने पुनरकर्जाका लागि आवेदन माग गरेको हो । बैंक तथा वित्तीय संस्थाले कात्तिक १४ देखि मंसिर १९ गते सम्म आवेदन बुझाउन सक्ने राष्ट्र बैंकले जनाएको छ ।

आवेदनका लागि अति प्रभावित तथा मध्यम प्रभावित क्षेत्रहरुमा प्रवाहित कर्जाहरु आवेदनका लागि योग्य हुने पनि बैंकले जनाएको छ । जसमा पर्यटन क्षेत्र, हवाई तथा पर्यटकीय यातायात, मनोरञ्जन, रिक्रिएसन सम्बन्धी व्यवसाय, पार्टी प्यालेस समावेस भएका छन् । त्यस्तै चलचित्र, सिनेमा हल, रोजगारी गुमेका श्रमिक, सडेर गलेर जाने वस्तु उत्पादन तथा विक्री वितरण हुने क्षेत्र, कुखुरापालन, पशुपन्छी, मौरी तथा मत्स्यपालन व्यवसाय, तयारी पोशाक, हस्तकला, सीपमुलक व्यवसाय, वैदेशिक रोजगार सेवा प्रदायक, शैक्षिक परामर्श सेवा प्रदायक, निजी तथा आवासीय विद्यालय, उच्च शिक्षालय तथा माध्यमिक विद्यालय, कलेज तथा विश्वविद्यालय, प्राविधिक शिक्षालय लगायत पनि अति प्रभावित क्षेत्रमा समावेस भएका छन् । त्यसबाहेक यात्रुवाहक स्थल यातायात, ब्युटी पार्लर, सैलुन, कस्मेटिक सर्जरी, कानूनी, लेखा, इन्जिनियरिङ लगायतका परामर्श सेवा वा व्यवसाय र हेल्थ सेन्टर वा फिटनेस सेन्टरले पनि पुनरकर्जा माग गर्न सक्नेछन् ।




मध्यम प्रभावित क्षेत्रमा प्लास्टिक, फलाम/स्टील, टायर, छाला, धातुका उत्पादन, घरायसी उपकरण उत्पादन तथा विक्री वितरणसँग सम्बन्धित उद्योग, अस्पताल, क्लिनिक, नर्सिङ्गहोम, डायग्नोस्टिक सेन्टर रहेका छन् । भण्डारण गर्न सकिने बस्तु उत्पादन र प्रशोधन तथा विक्री वितरण, वन तथा खनिजजन्य उद्योग, निर्माण व्यवसाय, औषधि उत्पादन, छपाइ, प्रकाशन तथा सञ्चार गृह, जलविद्युत तथा नवीकरणीय उर्जा, ढुंगा, माटो तथा सिसाका उत्पादन सम्बन्धी व्यवसाय पनि मध्यम प्रभावित क्षेत्रमा रहेका छन् ।

संस्थाले माग गर्ने कूल पुनरकर्जा रकम संस्थाको प्राथमिक पूँजीको अधिकतम २५ प्रतिशतसम्म हुनुपर्ने पनि राष्ट्र बैंकले जनाएको छ । हाल एकमुष्ट पुनरकर्जा उपयोग गरिरहेका ऋणीहरु पुनरकर्जाका लागि पुनःआवेदन दिन योग्य हुने छैनन् । एक भन्दा बढी बैंक तथा वित्तीय संस्थामार्फत कर्जा उपयोग गरेका ऋणीको हकमा एक बैंक तथा वित्तीय संस्थामार्फत मात्र आवेदन भएको व्यहोरा आवेदकले सुनिश्चित गरेको हुनुपर्नेछ । लघु, घरेलु तथा साना उद्यम क्षेत्रका ऋणीलाई अधिकतम मात्रामा समेटने गरी आवेदन दिनुपर्ने छ ।

आवेदनका लागि कर्जा छनौट गर्दा प्रत्येक शाखाबाट न्यूनतम ५ वटा ग्राहक/ऋणी समेटिएको हुनुपर्ने छ । पुनरकर्जा सुविधा लिन इच्छुक ऋणीले आफूले सेवा लिइरहेको बैंकको सम्बन्धित शाखामा पुनरकर्जा माग गरी निवेदन दिन सक्ने पनि बैंकले जनाएको छ ।

# नेप्से ५५ अंकले बढ्यो

## ■ कारोबार रकममा सुधार



**काठमाडौं/मस-** साताको पहिलो दिन आइतबार शेयर बजारमा परिसूचक नेप्से बढेको छ । नेप्से ५५.५० अंकले बढेर २ हजार ८ सय ३७.६२ विन्दुमा पुगेको छ । सेन्सेटिभ परिसूचक पनि ९.४६ अंकले बढेर ५ सय ३०.४६ विन्दुमा पुगेको छ ।

नेप्सेसँगै कारोबार रकममा पनि सुधार आएको छ । ७ अर्ब ८२ करोड ३२ लाख २६ हजार ४ सय ९२ रुपैयाँ बराबरको १ करोड ३८ लाख ९९ हजार ३ सय २२ कित्ता शेयर किनबेच भएको छ । बजार पूँजीकरण पनि ३९ खर्ब ९२ अर्ब ६ करोड ४० लाख ३८ हजार ९ सय ४७ रुपैयाँ कायम भएको छ । सर्वसाधार तर्फको शेयरको बजार पूँजीकरण पनि १४ खर्ब ८ अर्ब २२ करोड ३० लाख पुगेको छ ।

नेप्सेमा वृद्धि भएपनि वाणिज्य बैंक समूहको सूचक भने घटेको छ । विकास बैंक, फाइनान्स, होटल तथा पर्यटन, जलविद्युत, लगानी, बीमा, उत्पादन तथा प्रशोधन, लघुवित्त लगायतका समूहमा आएको वृद्धिले नेप्से बढेको हो ।

नेप्सेसँगै कारोबारमा समेत वृद्धि हुँदा ६ कम्पनीका शेयरधनीले १० प्रतिशतले कमाएका छन् । यस्तै ६ वटा कम्पनीको शेयर मूल्य ९ प्रतिशत बढीले बढेको छ । एभरेष्ट बैंकका शेयरधनीले सर्वाधिक ६.५० प्रतिशतले गुमाएका छन् ।

कारोबार रकमका आधारमा आखुखोला जलविद्युत आयोजना शीर्ष स्थानमा रहेको छ । यो कम्पनीको ३१ करोड ५७ लाख बढीको शेयर कारोबार भएको छ । नबिल बैंकको २८ करोड ३ लाख रुपैयाँको कारोबार भएको छ ।

# अर्थतन्त्रको विकासका लागि राजनीतिक स्थिरता अपरिहार्य- सिएनआई

**काठमाडौं/मस-**नेपाल उद्योग परिसंघले देशको आर्थिक विकासका लागि राजनीतिक स्थिरता र नीतिगत सुधार आवस्यक भएको बताएको छ । नेपाल आर्थिक पत्रकार समाज (सेजन)को कार्यसमितिसँग आइतबार छलफल गर्दै परिसंघका अध्यक्ष विष्णुकुमार अग्रवालले मुलुकको अर्थतन्त्रको विकासका लागि औद्योगिकीकरण अपरिहार्य भएको बताएका हुन् ।

औद्योगिकीकरणका लागि नीतिगत सुधार गरिनुपर्नेमा उनले जोड दिए । उनले राजनीतिक अस्थिरता बढ्दै गएकाले पनि अर्थतन्त्रको विकास हुन नसकेको टिप्पणी गरे । उनले भने 'नीतिगत स्थिरता नहुँदा औद्योगिकीकरण र अर्थतन्त्रको प्रवर्द्धनमा समस्या भएको छ, औद्योगिकीकरण अर्थतन्त्रको गुरुमन्त्र हो त्यसैले अर्थतन्त्र बढाउनुका साथै पूँजी वृद्धि गर्नु आवश्यक छ ।'

कोभिडपछि अर्थतन्त्रका केही क्षेत्र समान्य बन्दै गएको भएपनि एयरलाइन्स, होटेल लगायतका क्षेत्र अझैपनि असहज अवस्थामा रहेको बताए । परिसंघका निवर्तमान अध्यक्ष शतिशकुमार मोरले मुलुकको राजनीतिक अस्थिरताले अर्थतन्त्रलाई नकारात्मक असर पार्दै गएको बताए । राजनीतिक अस्थिरताबाट अर्थतन्त्रमा पर्नसक्ने असरलाई न्यूनीकरण गर्न नीतिगत सुधार आवश्यक रहेको उनले बताए ।

## संक्षिप्तमा अर्थ

### महालक्ष्मी लिडर्स समिट सम्पन्न




**काठमाडौं/मस-** महालक्ष्मी लाईफ इन्स्योरेन्स लिमिटेडले पोखराको ल्याण्डमार्क होटलमा 'महालक्ष्मी लिडर्स समिट-२०७८' सम्पन्न गरेको छ । कार्तिक १२ र १३ गते सम्पन्न उक्त सम्मेलनमा देश भरिबाट व्यवसायिक लक्ष्य पुरा गरेका बीमा अभिकर्ताहरुको सहभागिता रहेको थियो ।

जीवन बीमा व्यवसायमा परम्परागत बीमा व्यवसाय भन्दा फरक ढंगले आम जनतामा बीमाको पहुँच कसरी पुऱ्याउन सकिन्छ भन्ने विषयमा छलफल भएको थियो ।

अभिकर्ता पेशामा नेतृत्व कसरी विकास गर्ने, बीमालाई व्यवसायिक रुपमा सञ्चालन गर्न कम्पनी र अभिकर्ताले गर्नु पर्ने कामहरुको विषयमा सहभागिहरुलाई तालिम दिइएको कम्पनीले जनाएको छ । निम्न वर्गमा बीमाको पहुँच बृद्धि गर्न तथा युवा वर्गमा बीमा सम्बन्धी जनचेतना वृद्धिको लागि 'युवासँग-महालक्ष्मी लाईफ' कार्यक्रमलाई अझै प्रभावकारी रुपमा गाउँगाउँसम्म पुऱ्याउने निर्णय समेत समिटले गरेको छ ।

### ग्लोबल आइएमईको शाखारहित बैंकिङ सेवा

**काठमाडौं/मस-** ग्लोबल आइएमई बैंक लिमिटेडले एकैपटक दुई नयाँ शाखारहित बैंकिङ सेवा सञ्चालनमा ल्याएको छ । बैंकले काभ्रेपलाञ्चोकको दाप्चा बजार र ताप्लेजुङको सिन्वामा नयाँ शाखारहित बैंकिङ सेवा सञ्चालनमा ल्याएको हो । यससँगै बैंकको नयाँ शाखारहित बैंकिङको संख्या २ सय ६२ पुगेको छ ।

बैंकले काभ्रेपलाञ्चोक जिल्लाको नमोबुद्ध नगरपालिका वडा नं. ८, दाप्चा बजार र ताप्लेजुङ जिल्लाको फाक्ताङलुङ गाँउपालिका वडा नं. ३, सिन्वामा शाखा रहित बैंकिङ सेवा सञ्चालनमा ल्याएको हो । बैंकले भकुण्डेबेसी शाखा अन्तर्गत रहनेगरी दाप्चा बजारमा खोलिएको सेवाको लागि कृष्ण कुमार श्रेष्ठ र ताप्लेजुङ शाखा अन्तर्गत रहनेगरी सिन्वामा खोलिएको सेवाको लागि प्रेम प्रसाद निरौलालाई प्रतिनिधि नियुक्त गरेको छ । शाखारहित बैंकिङबाट निक्षेप खाता खोल्ने, तोकिएको सीमासम्मको रकम जम्मा गर्ने तथा झिक्ने, आफ्नो खातामा रहेको मौज्दातको जानकारी लिने, कर्जाको व्याज भुक्तानी गर्ने, रेमिट्यान्स सेवा लिने, महसुल भुक्तानी गर्ने, मोबाइल रिचार्ज गर्ने लगायतका सेवा लिन सक्नेछन् ।



### राष्ट्रिय वाणिज्य बैंकको शाखा चौतारामा



**काठमाडौं/मस-** राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले सिन्धुपाल्चोक जिल्लाको सदरमुकाम चौतारा साँगाचोकमा नयाँ शाखा कार्यालयको शुभारम्भ गरेको छ । प्रतिनिधिसभाका सभामुख अग्निप्रसाद सापकोटाले ताम्रपत्र अनावरण गरी बैंकको कार्यालयको समुदघाटन गरेका छन् ।

सो अवसरमा सभामुख सापकोटाले राष्ट्रिय वाणिज्य बैंकमा बैंकिङ कारोबार गर्दा विश्वसनीय, सस्तो र सहज हुने भएकाले नागरिकले बैंकसँग कारोबार गरी सरकारलाई सहयोग गर्नुपर्ने बताए । उनले अबको युग डिजिटल प्रविधिको प्रयोग तर्फ गईरहेकाले डिजिटल बैंकिङ कारोबारबाट हुने जोखिमलाई न्यूनीकरण गर्दै लै जानुपर्ने बताए ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले आम नागरिकलाई आधुनिक बैंकिङ सेवा प्रवाह गर्दै सरकारी नीति तथा कार्यक्रमलाई सघाउ पुग्ने गरी प्राथमिकताका साथ कार्य गरिरहेको बताए ।

राष्ट्रिय जनगणना २०७८
मेरो गणना-मेरो सहभागिता
२०७८ साल कात्तिक २५ गतेदेखि
मंसिर ९ गतेसम्म हुने
*राष्ट्रिय जनगणना २०७८ सफल पारौं ।*
कोही नछुटौं, कोही नदोहरिऔं ।
बसोबास गरेकै ठाउँबाट आफ्नो
विवरण लेखाऔं ।
घर घरमा आउने गणकलाई
सही र वास्तविक सूचना उपलब्ध गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रकः रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादकः **मदनकुमार श्रेष्ठ**